देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

एउटै पढे पुग्छ
समाधान
samadhannews.com
राष्ट्रिय दैनिक






ओलम्पिक डेमा बुधवार पोखरामा आयोजना गरिएको समारोहमा खेल प्रदर्शन गर्दै खेलाडी सरस्वती गुरुङ। *तस्विर : केशव पाठक*

# पोखरामा घन्टाघर र पर्यटन विश्वविद्यालय बनाइने

**समाधान संवाददाता**
पोखरा, ९ असार

पोखरा महानगरपालिकाले पोखरा पर्यटन विश्वविद्यालय बनाउने नीति लिएको छ । यसका लागि नेपाल एकेडेमी अफ टुरिजम एन्ड होटेल म्यानेजमेन्ट (नाथुम)सँग सहकार्य गरिने महानगरका मेयर मानबहादुर जिसीले बताए । आर्थिक वर्ष २०७८/७९ का लागि महानगरको नीति कार्यक्रम प्रस्तुत गर्दै मेयर जिसीले पोखरामा पर्यटन विश्वविद्यालय स्थपानका लागि नाथुमसँग सहकार्य गरिने बताएका हुन् । यस्तै महानगरले पर्यटन प्रवर्द्धनका लागि पोखरा कोसेली घर सञ्चालन गरिने र पोखरा घन्टाघर निर्माणलाई अघि बढाउने मेयर जिसीले बताए ।

पोखरा महानगरपालिकाले मुख्य सहरी सडकमा गरिएको अस्फाल्ट पिचलाई विस्तार गर्न लागेको छ । अस्फाट पिचको कारणले आम जनतामा सकारात्मक सन्देश प्रवाह गरेकाले सो कार्यलाई सहरको अन्य क्षेत्रमा पनि विस्तार गर्ने नीति महानगरको छ । महानगरको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रममा अस्फाट विस्तारको लागि महानगरले सडक निर्माणमा संलग्न राज्यका निकायहरुसँग सहकार्य गर्ने उल्लेख छ । अस्फाल्ट पिच गरेको सडक कुनै पनि प्रयोजनका लागि कम्तीमा २ वर्ष खन्न नपाउने नीति बनाइएको छ ।

अस्फाट पिच गर्नुपूर्व स्थानीयलाई आफ्नो आवश्यकताका कार्य सम्पन्न गर्न प्रेरित गर्ने नीति महानगरले लिएको छ । महानगरले चालु आर्थिक वर्षमा विजयपुर कालिका हुँदै बेगनास सडकलाई ३२ करोड लागतमा अस्फाल्ट गर्ने काम अगाडि बढाएको छ । बैदाम, पामे, घाँटछिना हुँदै दमदमे, सिदाने र मणिपाल, मौजा सडक बहुवर्षीय ठेक्का सम्झौता गरेर काम थालिएको छ ।

'मुख्य सहरी सडकहरुको स्तरोन्नति गर्ने क्रममा महानगरपालिका, सडक विभाग र प्रदेश सरकारको सहकार्यमा ४० करोड लागतमा २२ किमी सडक अस्फाल्ट कंक्रिट गर्ने कामलाई निरन्तरता दिइएको छ,' मेयर जिसीले भने, 'विजयपुर बेगनास सडक खण्डमा १४ किमी सडक अस्फाल्ट पिच भइरहेको छ ।'

मेयर जिसीका अनुसार महानगरपालिकाको कार्यालयबाट सबै वडाका केन्द्रसम्म जोड्ने पहुँच मार्ग (कनेक्टिङ सडक)कार्यक्रमलाई निरन्तरता दिइएको छ । विकटलाई निकट ल्याउने अठोटका साथ सुरुवात गरेको कनेक्टिङ सडक कार्यक्रमलाई निरन्तरता दिएको हो । महानगरपालिका २७ पहुँच मार्ग (कनेक्टिङ) निर्माण धमाधम भइरहेको नीति तथा कार्यक्रममा उल्लेख छ । पहुँच मार्गको प्राथमिकताका आधारमा पहिलो चरणको काम पूरा भइसकेको छ ।

४ वर्षको अवधिमा वडा तथा महानगरपालिका स्तरका २ सय ६८ सडक ढलान योजना, ८ सय २१ सडक कालोपत्रे एवं मर्मतका योजना, २ सय ९१ सडक ग्राभेल तथा स्तर उन्नतिका योजना र ४१ वटा नयाँ ट्र्याकका योजना सकेको छ । मेयर जिसीले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलदेखि बेगनासताल र विमानस्थलदेखि लेकसाइडसम्म फास्ट ट्र्याक निर्माणको सम्भाव्यता अध्ययन गरिने बताए ।




- » मुख्य सहरी सडकमा अस्फाट पिच विस्तार गरिने
- » निर्माण सामग्रीको गुणस्तर पहिल्याउन निर्माण सामग्री गुणस्तर तथा नियन्त्रण प्रयोगशाला
- » एम्बुलेन्स स्टेसन बनाइने
- » पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलदेखि बेगनासताल र विमानस्थलदेखि लेकसाइडसम्म फास्ट ट्र्याक
- » निजी क्षेत्रको साझेदारीमा पोखरा बहुउद्देश्यीय टावर निर्माणको अध्ययन गरिने
- » जनप्रतिनिधिलाई ५ दिनको पर्यटन बिदा
- » पोखराको बाहिरी चक्रपथ निर्माणको विस्तृत सम्भाव्यता अध्ययन थाल्ने
- » घर नक्सा पास गर्दा अनिवार्य रुपमा गुगल प्लस कोड अंकित गरिने

४३ वर्षदेखि बाटो चक्लाबन्दी गर्न नसकिएको पृथ्वी राजमार्गदेखि विजयपुर ब्यारेक सिमानासम्मको सडकलाई फराकिलो बनाई १० मिटर कायम गरेको महानगरले अहिलेसम्म २ सय ३१ किमी सडक ग्राभेल, १ सय ३७ किमी सडक कालोपत्रे, ८३ किमी साना तथा मझौला सडक ढलान, ३७ किमी सडक मर्मत एवं स्तर उन्नति कार्य सम्पन्न भएको छ ।

उनले प्राविधिक कारणले रोकिएको मेयर नमुना सडक निर्माण अन्तर्गत पोखरा वडा नम्बर १७ को बिरौटादेखि तीनकुनेसम्म (आरटिओ) सडक निर्माण कार्यलाई निरन्तरता दिएको बताए । महानगरको नीति तथा कार्यक्रममा सडक निर्माण तर्फको बजेट विनियोजनलाई भौगोलिक हिसाबले सन्तुलित बनाइने उल्लेख छ । पोखरा उपत्यकासँग जोडिएका ग्रामीण बस्ती र वडाहरुलाई सहरी क्षेत्रसँग जोड्ने, विपद्मा उद्दार गर्दा वा स्वास्थ्य आपतकाल परी एम्बुलेन्स मगाउँदा बीचैमा अलपत्र पर्नु नपर्ने अवस्थाको सुनिश्चितता गर्दै सडक तर्फका पूर्वाधारहरुको प्राथमिकता निर्धारण गरिएको छ ।

महानगरले निर्माण सामग्रीको गुणस्तर मापन गर्न स्थापना गरेको प्रयोगशाला स्तारोन्नति गरिने भएको छ । प्रयोगशालामा आयोजना कार्यान्वयन र अनुगमनका लागि छुट्टाछुट्टै एकाइ बनाइने भएको छ । निर्माण सामग्री गुणस्तर तथा नियन्त्रण प्रयोगशाला गण्डकी बहुप्राविधिक शिक्षालयको मातहत रहनेछ ।

मेयर जिसीले सहरी क्षेत्रमा सडक बोर्डमार्फत् मर्मतसंभार गर्ने तथा बस्ती स्तरका छोटा बाटोहरु उपभोक्ता तथा महानगरपालिकाले आधा आधा योगदान गर्ने गरी कार्यान्वयन गर्ने नीति लिइएको छ । पूर्वाधार संरचनाहरुको प्राथमिकीकरण गर्दा आगामी आर्थिक वर्षमा सम्पन्न हुने योजनालाई प्राथमिकतामा राख्ने उल्लेख गर्दै मेयर जिसीले वडा समितिको सिफारिस साथ प्राप्त सडक आयोजनालाई प्राथमिकताका साथ बजेट विनियोजन गरिएको बताए ।

**बाँकी पृष्ठ ४**

# भौतिक मन्त्रालय
# कांग्रेस-माओवादीको तानातान

**समाधान संवाददाता**
पोखरा, ९ असार



मोडालिटी अनुसार पहिला रोज्ने अधिकार कांग्रेसको हो, जुन रोजे पनि अरूले चित्त दुखाउनुपर्ने कुरा हुँदैन

**कुमार खड्का**
सरकारका प्रवक्ता



अहिले कांग्रेसले पनि भौतिक दाबी गर्न थालेको छ, भौतिक हामीलाई दिएमात्रै सरकारले निकास पाउँछ

**दीपक कोइराला**
माओवादी सांसद

अर्थ मन्त्रालयमा सत्तारुढ कांग्रेस र जनता समाजवादीको किचलो पछि भौतिक मन्त्रालयका लागि कांग्रेस र माओवादीबीच लडाइँ सुरु भएको छ । कांग्रेसले अर्थमा लडाइँ छाडेर माओवादीले सुरुबाट नै दाबी गरिरहेको भौतिकमा लडाइँ सुरु गरेको हो ।

मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले विश्वासको मत लिने दिन ४ असारमा जसपा सांसद हरिशरण आचार्यसँग अर्थ मन्त्रालय दिने लगायत ३ बुँदे सहमति गरेका थिए । तर विश्वासको मत पाएकै दिन कांग्रेसले जसपालाई अर्थ दिन नसकिने बरु रोजेर २ मन्त्रालय दिने बताउँदै सहमति तोड्न खाजेको थियो । सहमति तोडेर कांग्रेसले आफूलाई अर्थ नदिने भनेपछि मन्त्री आचार्यले लगातार विरोध गरिरहे । परिआए संसद सचिवालयमा समर्थन फिर्ताको पत्र पनि दिनसक्ने धम्की कांग्रेसलाई दिए ।

कांग्रेसले लगातार जसपासँग छलफल चलाउँदा पनि आचार्य नगलेपछि भौतिकमा दाबी सुरु गरेको हो । मन्त्री आचार्य कांग्रेसको यो चालले गठबन्धनलाई झन् कमजोर बनाउन लागेको टिप्पणी गर्छन् । 'कांग्रेसले पहिला हामीसँग लडाइँ लड्यो, अहिले अर्थको दाबी छाडेर माओवादीसँग भौतिकको लडाइँ सुरु गरेको छ,' आचार्यले भने, 'उहाँहरु मिले अब समस्या छैन, मन्त्रिपरिषद विस्तार हुन्छ ।'

माओवादी सांसद दीपक कोइराला पनि कांग्रेसले जसपासँग लडाइँ छाडेर आफूहरुसँग भौतिकका लागि लडाइँ सुरु गरेको बताउँछन् । माओवादीले सुरुबाट नै अर्थमा दाबी नगरेकाले कांग्रेसले भौतिक माओवादीलाई नै दिनुपर्ने उनको तर्क छ । कांग्रेस र माओवादीको संसदमा हैसियत बराबर जस्तै रहेकाले आफूहरुले भौतिकसहित ४ मन्त्रालय पाउनु अधिकार बन्ने कोइरालाले बताए । 'जसपासँगको सहमति बाहिरिएपछि हामीले अर्थ दाबी गरेनौं, भौतिकमै दाबी गरिरह्यौं,' कोइराला भन्छन्, 'अहिले कांग्रेसले पनि भौतिक दाबी गर्न थालेको छ, भौतिक हामीलाई दिएमात्रै सरकारले निकास पाउँछ ।'

ठूला मन्त्रालयमा कांग्रेसले मात्रै दाबी गरेकाले कांग्रेसलाई एकल सरकार बनाएर देखाउन कोइरालाको चुनौती छ । 'मुख्यमन्त्री पनि चाहिने, सबै ठूला मन्त्रालय पनि चाहिने, एकल सरकार बनाएर देखाए भयो नि त्यसरी त,' कोइरालाले भने । आफूहरुले भौतिकसहित ४ मन्त्रालय नपाए सरकारमै सहभागी नहुने कोइरालाले बताए ।

मुख्यमन्त्री पोखरेल, सरकारका प्रवक्ता कुमार खड्का लगायत कांग्रेस सांसदहरु यति बेला काठमाडौं छन् । मन्त्री बन्ने आकांक्षी धेरै भएपछि नामावली टुङ्ग्याउन र अन्य दलसँग पनि सहमति जुटाउन मुख्यमन्त्री मंगलबार काठमाडौं गएका थिए । मुख्यमन्त्रीले कांग्रेस शीर्ष नेतासहित माओवादी अध्यक्ष प्रचण्ड, जसपा संघीय परिषद अध्यक्ष बाबुराम भट्टराई लगायतलाई भेट्ने योजना बनाएर गएका हुन् । मुख्यत अध्यक्ष भट्टराईलाई भेटेर हरिशरण आचार्यलाई अर्थको दाबी छाड्न मनाउने कांग्रेसको मनसाय छ ।

यता मन्त्री आचार्य भने प्रदेश कमिटीले निर्णय गरिसकेकाले केन्द्रबाट दबाब नआउने र आएपनि आफूहरु स्वयंम निर्णय लिन सक्ने दाबी गर्छन् । 'केन्द्रबाट दबाब आउँदैन, आइहालेपनि प्रदेशले आफ्नै निर्णय गरेको छ, हामी आफैं आफ्नो निर्णय लिन सक्छौं,' उनले भने । यस्तै माओवादी सांसद कोइराला पनि प्रदेशको समिकरणमा माओवादीलाई फकाउन कांग्रेस जहाँ गए पनि काम नबन्ने बताउँछन् । 'माथि गएर पनि हुँदैन, तल गएर पनि हुँदैन, हाम्रो दाबी भौतिकसहित ४ मन्त्रालय हो, पाउनुपर्छ,' कोइरालाले भने ।

सरकारका प्रवक्ता कुमार खड्का भने मन्त्रालय रोज्ने अधिकार सुरुमा कांग्रेसलाई रहेकाले आफुहरुले जुन मन्त्रालय रोजेपनि चित्त दुखाउन नहुने बताउँछन् । कुन मन्त्रालय लिँदा ठिक हुन्छ भन्ने सुझाव दिन सकेपनि मन्त्रालय रोज्नै हुँदैन भनेर किचलो ल्याउनु उचित नहुने खड्काले बताए । 'प्राकृतिक न्यायको सिद्धान्त अनुसार सुरुमा कांग्रेसले मन्त्रालय रोज्छ, कुन रोज्छ कांग्रेसको अधिकार हो, अरुले चित्त दुखाउन मिल्दैन,' खड्काले भने ।

मन्त्रालय भागभन्डाको किचलोमा फसेको गण्डकीको सत्तारुढ गठबन्धनमा अझै सहमति जुट्न सकेको छैन । दलहरुले ठूला मन्त्रालयमा दाबी गर्दा मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई मन्त्रिपरिषदलाई पूर्णता दिन सकेका छैनन् ।

मुख्यमन्त्री नियुक्त भएपछि कृष्णचन्द्र पोखरेलले आफूसँगै ४ जनालाई मन्त्री बनाएर सपथ दिलाएका थिए । कांग्रेसबाट कुमार खड्का, माओवादीकी मधुमाया अधिकारी, जनता समाजवादीका हरिशरण आचार्य र स्वतन्त्र सांसद दीपक मनाङेलाई विनाविभागीय मन्त्री बनाए । तर यतिका दिनसम्म पनि पोखरेलले मन्त्रिपरिषदलाई पूर्णता दिन सकेका छैनन् । बनाएका मन्त्रीलाई पनि जिम्मेवारी तोक्न सकेका छैनन् ।

विश्वासको मत लिएपछि मन्त्रिपरिषद विस्तार गर्ने मनसाय बनाएर मुख्यमन्त्री बनेको ७ दिनमै पोखरेलले विश्वासको मत लिएका थिए । ४ दलीय गठबन्धनमा मन्त्रीका आकांक्षी धेरै हुँदा मन्त्रिपरिषद विस्तार गर्न असहज भएको छ ।

**मुख्यमन्त्रीले भेटे गठबन्धनका शीर्ष नेताहरु**

मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले ५ दलीय गठबन्धनका शीर्ष नेतासँग भेटेर छलफल गरेका छन् । मंगलबार काठमाडौं गएका मुख्यमन्त्री पोखरेलले कांग्रेस सभापति देउवा, प्रचण्ड, बाबुराम भट्टराई, मोहनविक्रम सिंहलगायतसँग छलफल गरेका हुन् ।

छलफलमा गण्डकी सरकारमा अहिले आएका समस्याका बारेमा मुख्यमन्त्री पोखरेलले जानकारी गराएको सरकारका प्रवक्ता कुमार खड्काले बताए । गठबन्धनमा समस्या आउन नदिन केन्द्रीय तहबाटै छलफल गरेर गण्डकीमा निकास दिन आग्रह गरिएको उनको भनाइ छ । 'गण्डकीका समस्याबारे अवगत गरायौं, नेताहरुबीच असमझदारी आउन नदिन छलफल गर्न आग्रह गर्‍यौं,' खड्काले भने ।




## सम्पादकीय

# विकासको दुष्चक्र

हरेक वर्ष असार हुन्छ र धान रोपाइँ हुन्छ । यसै गरी विकासको रोपाइँको चटारो पनि यही बेला हुन्छ । वर्ष गणना वैशाखमा सुरु भएर चैतमा अन्त्य हुने भए पनि आर्थिक वर्षको अन्त्य असारमा हुन्छ र साउनबाट सुरु हुन्छ । असारमा हुने विकासको चटारो भनेको वर्षको अन्त्यमा हुने चटारो हो । यस्तो प्रवृत्ति वर्षौंदेखि चल्दै आएको छ र हरेक पटक बहस र विमर्शको विषय पनि बन्छ । तर यो प्रवृत्तिमा कहिल्यै सुधार आएन । जस्तो गण्डकी प्रदेशको चालु आर्थिक वर्ष मा बजेट खर्च ७० प्रतिशत पुग्ने आकलन गरिएकोमा अहिलेसम्म ४४ प्रतिशतमात्रै खर्च भएको छ । लक्ष्य भेट्ने काम गर्ने हो भने दिनको ३६ करोडका दरले खर्च गर्नुपर्छ । राज्यको ढुकुटी त्यसरी खर्च गर्नु कुनै पनि हालतमा उचित हुन्न । काम पहिल्यै गर्ने र बेलामा खर्च गर्ने प्रणाली नहुँदा जबरजस्ती लक्ष्य पूरा गर्न हतारहतारमा गरिने खर्चमा धेरै कमजोरी हुन्छन् । पहिलो त हतारको विकास लतपत हुन्छ, कमसल हुन्छ । खर्च पारदर्शी र नियमसंगत नभइदिन सक्छ, वा कागजमा मात्रै नियमको रीत पुऱ्याएर काम हुनसक्छ । अर्को यस्तो प्रवृत्तिको विकासले विकासको लक्ष्य भेट्दैन ।

सरकारले पुँजीगत खर्च पूराका पूरा गरेको समाचार आजसम्म नेपालीले सुन्न पाएकै छैनन् । जुनसुकै सरकारले पनि विकास खर्च पूरै गर्न सकेको छैन । यसले सरकारहरुको अकर्ण्मयता दर्शाउँछ । असक्षमता देखाउँछ । यही कुरा सच्च्याउन बेलामा बजेट ल्याउने व्यवस्था संविधानमै गर्नुपरेको हो । जेठ १५ गते नै बजेट आएर असारभित्रै पारित भए पनि विकास आयोजनाका बोलपत्र आह्वान लगायत प्रक्रिया अनि बजेटको अख्तियारी दिने प्रक्रियामा अझै ढिलाढाला गर्ने कर्मचारीतन्त्रको प्रवृत्ति हटेको छैन । अर्कोतिर सार्वजनिक खरिद ऐनले गरेका व्यवस्था निकै पुराना भन्, लामा छन्, झन्झटिला छन् । बेलामा बजेट आइसकेपछि बेलैमा अख्तियारी दिने हुनुपर्छ । बोलपत्र आह्वान छिटो हुनुपर्छ । आयोजनाहरु बेला सुरु हुनुपर्छ । बेलामा सुरु भएको काम पटकपटक अनुगमन हुनुपर्छ । खासमा असार महिनालाई त अनुगमनका लागि मात्रै छुट्याउने गर्नुपर्छ । त्यसो हुँदा विकास पनि भरपर्दो र पक्को हुनसक्छ । साँच्चै सुखी नेपाली समृद्ध नेपालको परिकल्पना साकार पार्ने नै हो भने असारे विकासको प्रवृत्ति अन्त्य गर्नैपर्छ । यी यावत समस्यालाई वास्ता नगर्ने तर विकासको नारामात्रै दिने गर्नु जनताको आँखा छारो हाल्नुमात्रै हो । यसरी सधैं जनता र राष्ट्रमाथि धोका दिनु सरकार र राजनीतिकर्मीको धोकाधडी हो ।

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य उत्तरायण, ग्रीष्मर्तुः, राक्षस नाम संवत्सर, श्रीशाके १९४३, सम्वत २०७८ साल आषाढ ११ गते शुक्रबार नेपाल सम्बत ११४१ तछ्लागा तदनुसार सन् २०२१ जून २५ तारिक कृष्णपक्ष प्रतिपदा तिथि राती १० वजेर १९ मिनेटसम्म, मूल नक्षत्र विहान ७ वजेर ५१ मिनेटसम्म, ब्रह्मयोग, बालवकरण, आनन्दादियोग स्थिर, सूर्य मिथुन राशिमा, चन्द्रमा धनु राशीमा ।

## राशिफल



वेदनिधि तिमिल्सिना
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

- **मेष** ■ मध्यान्हबाट समयमा सामान्य सुधार आउनेछ ।
- **वृष** ■ पूर्वान्ह थोरै अनुकुल,अपरान्ह प्रतिकुल हुनेछ ।
- **मिथुन** ■ विवादको अन्त्य,व्यापारमा सामान्य सुधार ।
- **कर्कट** ■ सजिलै सँग काम नबन्ने,सहयोग नमिल्ने ।
- **सिंह** ■ अन्योलता कायम रहने,व्यापारबाट अल्प लाभ ।
- **कन्या** ■ काममा समस्या बल्झिने देखिन्छ,खर्च वृद्धि ।
- **तुला** ■ क्षमता बढ्ने,अर्थ वृद्धि र कार्य प्रगति थोरै हुने ।
- **वृश्चिक** ■ व्यापारमा मन्दि,यत्नपूर्वक गरेका काम सफल ।
- **धनु** ■ प्रात:काल कमजोर,मध्यान्ह पछि काममा प्रगति ।
- **मकर** ■ अवसर फुत्किने,अनावस्यक खर्चमा वृद्धि हुनेछ ।
- **कुम्भ** ■ थोरै प्रयत्न गरेमा बक्यौता रकम उठ्नेछ ।
- **मीन** ■ कामले गति लिने,कार्यलगनशिलता बढ्नेछ ।

सेप्टी टंकी सफाई गर्नुपरेमा
सम्पर्क
9802815296
9802815293

# प्रतिगमनको हौवा र नेकाको दलाली



कृष्ण थापा

> फटाहाले नियम छल्ने, किर्ते गर्छन् भनी सुनेको थिए । तर आफ्नै नेताको हर्कत आफैँले भोगियो ।

पुस ५ गते संसद विघटनपछि प्रतिगमनको विरोध प्रश्न महत्वपूर्ण बनेको छ । संवैधानिक प्रकारले प्रक्रियामा अड्चन सृजना भएपछि पुन संसद विघटन अवस्था भयो । यसमा आफ्नै भनाइ सोचाइ र धाराणहरु छन् । विचाराधीनको रुपमा सर्वोच्च अदालतमा भएकोले (सेटिङ कम्फरटेवलले) के हुन्छ बढि बहसको विषय नहोला । नेकपाको विभाजनले यही सत्ता समीकरणमा फेरबदल आयो यसमा सबैभन्दा जिम्मेवार को भन्नेबारेमा पनि विभिन्न भनाइ छन् ।

कसैकसैले त ओली जिम्मेवार छन्, पार्टी अध्यक्ष र प्रधानमन्त्री पनि छोडेर अरुलाई दिनुपर्छ भन्ने तर्क सारेर प्रचण्ड, माधवको झोला बोकिरहेका छन् । एक अर्कालाई बाहिर रहेका पार्टीको निर्णय दिनु अवसरवाद हो । नेकपा विभागजनमा धेरै थोरै भएपनि दुवै पक्षको हात छ । एक पक्ष इमान्दार र अर्को पक्ष बदमास भनी मूल्यांकन गर्नु हदैसम्मको दलाली हो । यससँगै जोडिएको अर्को प्रश्न यो छ कि प्रतिगमको विरुद्धको संघर्ष आज ५ दलको गठबन्धनसँग जोडिएको छ । तिनीहरु प्रवेश संघमा कसरी सत्ता प्राप्त हुन्छ भनी अघोसित घोषित, अप्राकृतिक, अनैतिक सम्झौता गरी अगाडि बढेका छन् ।

जनताको सम्बन्ध, संघर्ष सम्पूर्ण कुनै पनि छैन । प्रतिगमन प्रतिगमन भनी चिच्याउनु सत्तामा स्वार्थमा चलखेल गर्ने नै आन्दोलनको मुल दिसा बनेको छ । यस्तो अवस्था अर्को गम्भीर प्रश्न पनि उठिरहेको छ । नेका, माओवादी, मधेसवादीहरु सत्तामा बस्दा, राष्ट्रघात जनघात, घटनाक्रम केही छैनन् । यतिसम्मकी सामान्य हुनु केही ठाउँ विशेष छन् । बागलुङमा भनी विशेष गरेर नेका, र शेरबहादुर देउवाको दलाली गरिरहेका छन् । यो हदै दर्जाको पतन हो । के हामीले एउटाको विरोध गर्दा अर्कोको नाङ्गै समर्थन गर्नुपर्ने कुनै स्थितिले सिर्जना गऱ्यो । हिजो नेकाबाट भएको सम्पूर्ण घटनाक्रमलाई न्यूनीकरण गर्न सक्दछौं ? अवश्य सक्दैन । यसकारण हामी प्रतिगमनको विरोध गर्दा नेकाको दलाली, चाकडी गर्ने कमजोरी गर्नु हुँदैन । यो गम्भीर भूल हुनेछ । यसलाई इतिहासले अवश्य छुट दिने छैन ।

**राष्ट्रिय जनमोर्चाको पहिचान छाडी गठबन्धनको दलाली**

राष्ट्रिय जनमोर्चाले संसदीय चुनावलाई उपयोग (भाग) लिएको अवस्थामा आफ्नो स्थिति देश स्थायी रुपमा बलियो नभएको र विशेष (बागलुङ र प्युठान) बढी बलियो भएको व्यवहारले नै पुष्टि गऱ्यो । पछि वामपन्थीहरुको एकतामा जोड दिइयो । स्थानीय चुनावमा एमालेसँग संघ, प्रदेशको चुनावमा एमाले र माओवादीसँग संयुक्त चुनावी एकता गरी गइयो । केन्द्रले एकता टुंग्याएपछि बागलुङ २ प्रदेश र प्युठानको १ संघमा सम्झौता टुंग्याइयो । यसमा बटमलाइन, उम्मेदवारबारे विभिन्न मतमतान्तर, विवादका साथ चुनाव सम्पन्न भयो ।

मूलत वामपन्थीको सरकार, नेकाको अन्त्य भनी हरेक विवादलाई मध्यनजर पारियो । यथार्थमा अहिले आउँदा त्यो सत्य भएको पुष्टि हुँदैन । हामीले हाम्रो अपनत्व गुमाएकै थियौं । एमाले र माओवादीको एकताले गण्डकीमा हाम्रो गणितीय हिसाबले कुनै महत्व थिएन । हामीले पनि सत्ता स्वार्थका लागि लालायित हुने कुरा पनि भएन । जे होस् वामपन्थीको सरकार बन्यो । त्यसलाई हामीले समर्थन गऱ्यौं । निकै समझदारी साथ मतभेद नभई अगाडि बढ्यौं । गण्डकीमा नामसमेत हामीले राखेको पारित भयो । अहिलेका दिनमा (२ महिना पहिले) नेकपामा विभाजन भयो । प्रदेश सरकार अल्पमतमा पऱ्यो । यस्तो स्थितिमा हामीले धेरै धैर्य साथ बढ्न सकेको भएसरकार वामपन्थीको हातबाट गुम्ने थिएन । अर्कोतिर सत्ता बाहिर बसेर भएपनि जनमोर्चाको विशेष स्थान रहने र विगतको वर्षका भन्दा राम्रोसँग विकासका कामहरुलाई अगाडि बढाउने मौका थियो । आज आएर नेकाको झोलि बनेर आफ्नो, स्थान, मान गिराएर रहनुका साथै प्रदेश अस्थिर बनाउने अवस्था आउने थिएन । सबैले भनिरहेकै थिए, जनमोर्चाको जिम्मेवारी उच्च छ । एक भोटको कति महत्व छ ।

**संयुक्त रुपमा कृष्ण थापामाथि आक्रमण**

हाम्रो पार्टी नेकपा मसालको एउटा केन्द्रीय समितिको निर्णयले जुनसकै पार्टीले अविश्वासको प्रस्ताव ल्यायो उसको समर्थन गर्ने भन्ने निर्णय गरेको रहेछ । त्यस मिटिङमा म छुटेको रहेछु । त्यसमा मैले कहींकतै फरक मत राख्ने मौका मिलेन । जब वैशाख १ गते वक्तव्य आयो यस सन्दर्भमा फरक फरक धारणा अवश्य प्रस्तुत भयो । त्यस समयमा गण्डकी प्रदेश सरकारलाई हाम्रो समर्थन रहिरहेको थियो । जब २८ गते हस्ताक्षरसँग जोडेर चरम रुपमा परिस्थितिले अर्को रुप लियो । त्यसबेला मुख्य गरेर मेरो राजनीतिक इतिहास कसरी समाप्त पार्न सकिन्छ र कसरी सांसद पद खारेज गरिन्छ भन्ने दुई योजना मेरा विरुद्ध निकै जोडतोडका साथ बढिरहेको थियो ।

पहिलो कुरा, केही मान्छेहरुले बागलुङको निर्वाचनका समयमा आफूलाई महत्वपूर्ण ठान्ने र सफल नभएपछि आन्तरिक रुपमा सद्भाव राख्ने गरेको पनि देखिन्न । अर्कोतिर बहुमतले गरेको निर्णय आफैंले मेटेर एमालेको सेटिङमा पऱ्यो भनि कपोलकल्पित गाली गलौजको बाटो पनि समातेका छन् । अर्कोतिर उनीहरुनै ६० सांसदको जोड घटाउ बारम्बार गरिरहेका छन् । त्यसमा कृष्ण थापाको पद खारेज गर्न निकै योजनावद्ध लागि परे ।

सभामुख प्रत्यक्षा गोटी बने । कुनै पनि नैतिक इमानले अर्को पार्टी सदस्य खारेजीको लागि स्वतन्त्र भूमिकामा रहेको व्यक्ति भ्याकेटसम्म जान र सदनको विषय नै नभएको नियमापत्ति पनि भईरहेको समयमा मार्सल लगाई खारेजी सूचना जारी गर्न संसदीय मर्यादामा मिल्छ ? यसको अपजस आफ्नै सांसदविरुद्ध जागेको जनमोर्चालाई मिल्दछ । प्रतिक्रियावादीको मतियारहरुलाई सत्तामा पुऱ्याउन यो हर्कत आजसम्म कसैले गरे न कसैले गर्ने छन् ।

**केसी र भट्टलाई किर्ते कामहरु**

क. चित्रबहादुर केसीको परिवारका बारेमा केन्द्रमा धेरैपटक कुरा नउठेको हैन । त्यस समयमा मलाई आपसको अन्तरविरोध होला भन्ने लाग्थ्यो । तर अहिले मैले ठेकेर भन्न सक्दछु कि त्यस्ता काममा उहाँ प्रत्यक्ष साक्षी हुनुहुँदो रहेछ । उहाँको बोली र इमानमा दम रहेनछ । जब खिमविक्रम १५ गतेको मतदानमा उपस्थित भएनन् उनी चरकमा भेटिए । अर्को माननीयको विषयमा अतिथि होटलको वक्तव्य निकालियो ।

महासचिव भट्टद्वारा प्रदेश संसदीय दलमा खेलेको भूमिका पनि विवादास्पद छ । एक व्यक्तिलाई दुई पद दिने, अर्को सदस्यलाई जिम्मेवारी नदिने, दलको विधान किर्ते गर्ने, गठबन्धनमा आत्मसमर्पण गरी चलखेलमा लागेको अधिक प्रमाण छन् ।

अर्को डरलाग्दो षड्यन्त्र त कहालीलाग्दो छ । जेठ २७ गते, प्रदेश सरकारले विश्वासको मत लिने दिन थियो । मेरो सांसद पद पुनर्स्थापना २३ गते भएको थियो । २५ गते ३ पक्ष सर्वोच्चमा भ्याकेटमा खारेजीका लागि गएका थिए । २७ गते नै पेसी थियो । यहाँ फेरि उनीहरु नै भन्दै थिए तपाईँलाई बचाउँछौं । भ्याकेटमा मुद्दामा जाने अनि यता बचाउँछौं भन्ने कस्ता लाटा लौन ? बुझ्नेका लागि यो कुर्सी षड्यन्त्रबाहेक केही थिएन भन्ने स्पष्ट हुन्छ । अर्कोतिर जनमोर्चाको ३:३० बजे केन्द्रको बैठक बस्यो त्यसका साक्षी चित्रबहादुर केसी नै थिए । गण्डकी प्रदेशमा विश्वासको मतदान ५:१५ बाट ५:४० समयमा भयो । पक्षमा मैले मतदान गरिनँ । मत परिणाम ६:१० मा सुनाइयो । ६:१५ मा सभा स्थगित भयो । ३:३० बजे बसको केन्द्रको बैठकले मलाई कारबाही गऱ्यो । बुझ्न सकिने कुरा छ कि त्यहाँको मतदान प्रक्रिया नसकिँदै निर्णय गर्ने छुट केसीको सिद्धान्तलाई भयो, त्यो पनि मार्क्सवादी सिद्धान्त भन्दै । यस्ता नक्कली कागज खडा गर्ने कर्तुत उहाँबाट भए । त्यो दुई महिनाको अवधिमा ममाथि भएका विभेद २५ वटा बुँदामा छन् । त्यो पनि मैले सार्वजनिक गर्नेछु । फटाहाले नियम छल्ने, किर्ते गर्छन् भनी सुनेको थिए । तर आफ्नै नेताको हर्कत आफैँले भोगियो ।

**कानुनी सहाराको खोजी**

जब, मेरो सांगठनिक तथा सांसद पद खारेज गरियो त्यसपछि विभिन्न सञ्चारमाध्यमले मेरा बारेमा निजी विचार बारे मलाई जिज्ञासा सोधियो । त्यसबारेमा आवश्यक ठाने न्यायलयसम्म जाने र नभए आफ्नै निर्वाचन क्षेत्रमा फर्किने, समाजसेवा र सामाजिक काम र व्यक्तिगत रुपमा किसान पेसा गर्ने भनेको थिएँ । केही मान्छेहरु यसलाई समाप्त पारियो भनि खसी काटेर भोज भतेरसम्म गरेका रहेछन् । देश, विदेशबाट पार्टीको निर्णयप्रति असहमति राख्ने जिल्लाका जनतामा विरोध असहमति रोष आवेग छ नै ।

किसानी गर्छु भन्ने अनि अदालत जाने ? भन्ने रुन्चे तर्क अझै पनि मैले सुनिरहेको छु । पहिलो कुरा म किसानको छोरो हुँ । तपाईंहरु जस्तो पेन्सन पनि हुने, घरमा सम्पत्ति पनि जोड्ने मान्छे पनि होइन । होल्टाइमर भएर किसानी मेरो पेसा नै हो । मेरो अहिले पनि जिउने आधार किसानी नै हो । सांसद हुँदा पनि मेरो घरको पेसा मैले छाडेको छैन । बरु व्यावसायीक किसानी हुन चाहेको छु । अब मेरो सुन्तला फर्ममा २५० रुख २ वर्षपछि फल्ने छन् । ४० रुख अहिले पनि छन् । किसानीमा फर्केर म समाप्त हुँदिन । म किसान नै हो । दोस्रो कुरा मैले पार्टीबाट ममाथि अन्याय हुन्छ भन्ने कुरा कहिलै पनि ठानेको थिइनँ । तर पटकपटक कति पटक हुन्छ थाहा छैन ।

न्याय हुन्छ भने झिनो आशाका साथ म अदालत गएको छु । के हुन्छ ? भविष्यले बताउँछ । दुश्मनको कारण र साथीहरुको लागि म र हामी धेरै पटक अदालत गएका छौं । त्यसको तितो इतिहास मसँग छ । न्याय नपाएर जेल बसेको छु । साथीहरु जेलमा बस्नु भएको छ । त्यसै अन्याय हुँदाहुँदै किन छाड्ने नछाडौं भन्ने झिनो विकल्पले अदालत गएको हुँ । अन्तिम समाधानको विकल्प अदालत हैन । मैदानमा जनता संघर्षमा छन् । म जनतामा विश्वास राख्दछु । पद केही समयका लागि हुन्छ । इमान जीवनमा मात्र होइन रहेछ । त्यसैले जनतासँग गरेको प्रतिवद्धतामा घात गरेर इमान गुमाउन सकिनँ । मलाई जिताउने मेरा जनताकै मतमा उभिएँ । मेरा जनताले मलाई जुन बाटोमा लाग् भने म त्यतै लागें । जनताको पक्षमा लाग्दा कारबाही भएकाले ममा हिनता छैन । जति बाँच्छु जनताका लागि बाँच्छु । जनताका विरुद्ध गएर केहीलाई रिझाउनु छैन । केन्द्रका नेता रिझाएर आलिसान जीवन बनाएर जनताले दिएको विश्वासको घर भत्काउनु छैन ।

*(गण्डकी प्रदेश सभामा बागलुङ १ खबाट निर्वाचित जनमोर्चा सांसद थापालाई उनकै पार्टीले पदमुक्त हुने गरी कारबाही गरेको थियो । उक्त मुद्दा अदालतमा विचाराधीन छ)*

# गोपाल : क्रान्तिका एक सतिसाल



झपट रानाभाट

> उहाँले राजनीतिलाई जहिल्यै सामाजिक सेवाको रुपमा लिनु भयो । पार्टी र समाजलाई दिनुमात्र भयो, केही लिनु भएन ।

बाइसे, चौबिसे राज्य हुँदा नुवाकोट राज्यपछि पश्चिम ४ नम्बर नुवाकोट हुँदै स्याङ्जा जिल्लामा र २०३४ सालदेखि कास्कीमा गाभिएको पूर्वमा निर्मलपोखरी, पश्चिम स्याङ्जा फेदीखोला, उत्तर फुर्सेखोला, पोखरा १७ र दक्षिण स्याङ्जाको टक्सार, पौवेगौडे सुरौदीखोला करिब २५.९१ वर्गकिलोमिटर भूगोल भएको कृस्ती नाच्नेचौर हाल पोखरा २१ अन्तर्गत पर्दछ । यहाँ ब्रह्माण, क्षेत्री, रानाभाट, कुवर, गुरुङ, भुजेल र उत्पीडित समुदायसमेत गरी ९ सय २० घर र जनसंख्या ७ हजार ७ सय ५० छ ।

पूर्व पश्चिम फैलिएका २ डाँडा, खेतीयोग्य समथर फाँट, पखेरामा साल, कटुस, चिलाउने, लालीगुराँस जस्ता महत्वपूर्ण वनपैदावर, मट्टीखान भ्युटावर, कालिकाकोट, देउराली थान, मनकामना, दिउलीपीपल जस्ता १ हजार ५ सय ५० मिटर उचाइसम्म फैलिएका रमणीय स्थलले भरिएको पोखरा २१ कृस्तीनाच्नेचौरको बयलीमा २०३० असार १० गते भक्तकुमार भुजेल 'गोपाल'को जन्म भएको थियो । २०२०/२१ सालमै वामपन्थी आन्दोलनमा लागेका बुवा विनोदकुमार सिंह र आमा भगवती भुजेलका उहाँ जेठा छोरा हुनुहुन्थ्यो ।

उहाँको बाल्यकालको नाम गोपाल थियो । गोपालका बुवा शिक्षक र आमा गृहिणी हुनुहुन्थ्यो । गोपालका २ दिदी, १ भाइ र १ बहिनी छन् । ग्रामीण परिवेशमा हुर्किनुभएका गोपालले बाल्यकालमा खासै दुःख पाउनु भएन तर कम्युनिस्ट परिवारभित्र जन्मेको सन्तान भएको र कठोर भूमिगतकालीन समयमा नेता, कार्यकर्ताको सम्पर्कको घरसमेत भएकाले पनि बाल्यावस्थादेखि नै गोपाल जुझारु, क्रान्तिकारी र हरेक खाले विभेदको विपक्षमा हुनुहुन्थ्यो ।

घरबाटै उहाँको पठनपाठन सुरु भयो । उहाँले प्राथमिक तहको शिक्षा कृस्तीनाच्नेचौरकै बयली प्राथमिक विद्यालयबाट हासिल गर्नुभयो । २०३६ सालतिर उहाँका शिक्षक बुवा, भीमबहादुर थापा, मित्रलाल सुवेदी र गोपीचन्द्र पोख्रेलले २०१२/१३ सालदेखि नै उमकान्त लामिछानेको नेतृत्वमा संगठन विस्तारमा लागेका ०१६/१७ पछि पुराना धुरन्धर कम्युनिस्ट नेता लेखनाथ पोख्रेलसित कार्यनीतिक र सैद्धान्तिक रूपमा असहमति राख्नुभो । लेखनाथ पोख्रेलसितै त्यति बेला धेरै युवा डिबी गुरुङ, यमनाथ आचार्य, यामबहादुर थापा, टेकबहादुर थापा, विनोदकुमार सिंह, ऋषि गौतम, भीमबहादुर थापा, सुरेश थापा(माडी), कर्णबहादुर मल्ल, देवीप्रसाद शर्मा, मित्रलाल सुवेदी ठूलो, खगराज आचार्य, अग्निधर सिग्देल, गोपीचन्द्र पोख्रेल हुनुहुन्थ्यो ।

त्यसपछि क्रमशः मित्रलाल सुवेदी सानो, ठाकुर सुवेदी, मेघनाथ सुवेदी, खडानन्द आचार्य (दुम्सादी), गंगाप्रसाद अधिकारी, प्रेम रानाभाट लगायत हुनुहुन्थ्यो । २०३५ वैशाख १० गते ४ विभिन्न कम्युनिस्ट घटक मिलेर बनेको तत्कालीन नेकपा मालेका नेता त्रिलोचन ढकालको गहिरो प्रशिक्षण र संगठन क्षमताका कारण क्रान्तिकारी स्वभाव र निडर उहाँहरु २०३६ मा तत्कालीन मालेमा संगठित हुनु भयो । उहाँहरु भन्दा अझ पहिल्यै कृस्ती, खाल्सेका लीलाधर पौडेल मालेमा समावेश भइसक्नुभएको थियो । त्यसको प्रभाव भक्तकुमार भुजेल (गोपाल) मा सानै उमेरमा पऱ्यो ।

यद्यपि शिक्षक सेवाबाट २ वर्षका लागि बिदा लिएर उहाँको बुवा र अर्का सहयोद्धा ऋषि गौतम वैदेशिक रोजगारका लागि २०३९ सालमा साउदी अरेब जानुभयो । त्यसपछिको कृस्तीतर्फको तत्कालीन मालेको सांगठानिक काम त्रिलोचन ढकाल, किरण गुरुङ, शारदा सुवेदीहरुको अभिभावकत्वमा लोचना अधिकारी, लक्ष्मीप्रसाद अधिकारीहरुको नेतृत्वमा लीलाधर पौडेल, मित्रलाल सुवेदी सानोहरुले गर्नुभयो ।

भक्तका बुवा बिदेश जानु भएपछि पार्टीको सम्पर्क र सेल्टर दुबै मित्रलाल सुवेदी (सानो)कोमा थियो । तत्कालीन अनेरास्ववियु पाचौं कास्की सहसचिव पृथ्वीनारायण क्याम्पस अनेरास्ववियु पाँचौका संयोजक लीलाधर पौडेलमार्फत ४३/४४ मै गोपाल अनेरास्ववियु पाँचौमा संगठित भइसक्नुभएको थियो । त्यति बेलाको अनेरास्ववियु पाँचौ भविष्य निर्माण मावि कृस्तीका अध्यक्ष इन्जिनियर चूडामणि लामिछाने हुनुहुन्थ्यो ।

त्यो बेला अनेरास्ववियु पाचौंको पहिलो कमिटी निर्माणमा राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिनाले भाषण गर्दै गर्दा पञ्चहरुले लखेटेका थिए ।



त्यसपछि क्रमशः अर्जुन पोख्रेल, मोहन थापा काजी, हुमनाथ लामिछाने, गोपाल भुजेल, शिवबहादुर पोख्रेलले नेतृत्व गरे । २०४६ सालको जनआन्दोलन वरिपरि अनेरास्ववियु पाँचौको हाम्रो इलाकातिरको कामको नेतृत्व टीकाराम पंगेनी र कुलबहादुर रानाभाटले गर्नुहुन्थ्यो ।

बहुदल अगाडिदेखि नै उहाँको रुचि फोटो खिच्ने, पञ्चायत विरुद्धका जुलुसमा नेतृत्व गर्ने, आफूलाई पार्टीले के दियो, पद-प्रतिष्ठा भन्दा पनि पार्टी र क्रान्तिलाई हरहमेसा कसरी के दिन सकिन्छ भन्ने बिषयमा निरन्तर चिन्तित गर्नुभयो । यहाँसम्म कि २०४६ सालको जनआन्दोलनमा कृस्तीतर्फबाट विद्यार्थीको नेतृत्वकर्ताभित्रै उहाँ पर्नुहुन्थ्यो तर २०४७ साल वैशाख महिनामा आयोजित तत्कालीन माले र बामपन्थीद्वारा गरिएको सन्देश सभामा अखिल पाँचौको वक्ता म पनि थिएँ ।

उहाँले त्यस्तो वास्ता नगर्नेभन्दा पनि कमरेडहरु लीलाधर पौडेल, मित्रलाल सुवेदी सानो, जनक जोशी, हेल्थपोस्ट इन्चार्ज अर्जुन थापासहितको मार्गनिर्देशनमा त्यति बेलाका जिल्लामा मालेका ठूलै नेता खगराज अधिकारी प्रमुख अतिथिको रूपमा उपस्थित बहुदल पछिको पहिलो सभामा मलाई भाषण गर्न अगाडि बढाउनु भयो । २०४६ सालमा आन्दोलन उत्कर्षमा पुगिरहेको बेलामा भविष्य निर्माण माविमा राँके जुलुसको तयारी गरिरहेका बेलामा नेपाली पोशाक लगाएका १ वृद्धले गालामा हिर्काएर स्कुलको छानाछाना दगुराएको याद छ मलाई । त्यहाँ दाजु गोपाल, अर्जुन पोख्रेल, म लगायत थियौं ।

ती त्यति बेलाका उपप्रधानपञ्च खाल्सेका भोला पौडेल रहेछन् । उहाँसँग अझ व्यवस्थित चिनजान र सहकार्य तत्कालीन नेकपा मालेको २०४७ वैशाखमा कार्यालय वहाँकै घर कृस्ती-बयलीमा प्रभा बराल, विद्याबिमल बरालसहितको उपस्थितिमा भयो । कार्यालय उद्घाटन पहिले उहाँले प्राविसम्म पढेको बयली स्कुलमा मालेको कार्यक्रमसमेत भयो । कार्यक्रम हुँदै गर्दा २०३८ सालमै मालेको विद्यार्थी संगठन अनेरास्ववियु एकताको पाँचौंतर्फबाट छोरेपाटन माविको स्ववियु निर्वाचनमा सभापतिमा निर्वाचित खड्ग हमाल र ज्ञानबहादुर कार्कीलगत्तै अभाव र गरिबीले भारत भासिए । त्यहीं भारत प्रवासमा नेकपा मालेको प्रवासी कमिटीमा काम गर्नुपरेका कमरेडहरु त्यो कार्यालय उद्घाटनमा भारतबाट साढे ३, ४ बजे दिउँसो टुप्लुक्क आइपुग्नु भएको मलाई झलझली याद छ ।

यस प्रकार क.गोपालसँगको मेरो सहयात्रा २९ वर्ष चल्यो । कमरेड गोपाल र मेरो सहकार्य उहाँकी जीवनसंगिनी ऋतु कमरेडसितको भन्दा लामो छ । गोपालको विहे २०५३ सालमा भएको हो । उहाँका चार छोरी र एक छोरा छन् ।

भविष्य निर्माण माविबाट उहाँले माध्यमिक तहसम्मको शिक्षा हासिल गर्नु भयो । उहाँले राजनीतिलाई जहिल्यै सामाजिक सेवाको रूपमा लिनु भयो । पार्टी र समाजलाई दिनुमात्र भयो, केही लिनु भएन । प्रवेशिका परीक्षामा एउटामात्र कृषि विषयमा २४ अंकसहित उत्तीर्ण हुनुभो, अनि नियमित पढाइ छोड्नुभयो । मलाई अहिले पनि लाग्छ कि, उहाँले क्याम्पस प्रवेश गर्न पाउनुभएको भए अनेरास्ववियु र पार्टीको नीति निर्माण गर्न सक्ने ठाउँमा पुग्नुहुन्थ्यो । अनि असमयमा उहाँको निधन नहुन सक्थ्यो ।

उहाँले घरमा दर्शन र राजनीतिशास्त्रसित सम्बन्धित धेरै किताब राख्नुभएको थियो । राष्ट्रिय, अन्तर्राष्ट्रिय कम्युनिस्ट पार्टीका तस्विर भित्तामा सजाउने, जननेता मदन भण्डारीका भाग १ देखि ११ सम्मका भाषण बारम्बार सुनिरहने बानी थियो । मदन आश्रितको रहस्यमय जिप दुर्घटनामा हत्या भएपछि कति दिन खानासमेत नखानुभएका उहाँ अन्तिम संस्कारमा काठमाडौंसमेत पुग्नुभयो ।

२०४६ को परिवर्तनसँगै केही मित्रसहित गाविसभरि ब्याट्री, एम्लिफायर, ढ्वाङ काँधमा बोकेरै हामी प्रचारप्रसार र पार्टी काममा लाग्थ्यौं । काम चोर्ने, गलत रिपोर्टिङ गर्ने, बोलेको वचन तोड्ने शैली उहाँको थिएन । कम्युनिस्ट पार्टी निर्माणमा सबै अग्रजको सम्मान गर्दै कृस्तीतर्फ २०४७ पुस २६ पहिलेको माले निर्माण गर्नेभित्रै आफूलाई दावा गर्छौं नै ।

राजनीतिलाई सामाजिक परिवर्तन, रुपान्तरण र समृद्धिसित जोड्न चाहने भक्त भुजेल तत्कालीन नेपाल कम्युनिस्ट पार्टी एमालेका होनहार युवा नेता हुनुहुन्थ्यो । राष्ट्रिय युवा संघ नेपाल कास्कीको पूर्व सचिव, बयली आधारभूत विधालय व्यवस्थापन समितिमा धेरै पटक अध्यक्ष हुनुभएको थियो । २०४८ वैशाख २९ गते भएको आमनिर्वाचनमा मतदान सकिएपछि मतपेटिकासहित मलाई हिडाएरै पोखरा पुऱ्याउनु भएको थियो ।

एमालेका युवा नेता, मेरा राजनीतिक गुरु, समाजसेवी, प्रेरणाका स्रोत, चम्किलो रातो तारा गोपाल भुजेल (भक्त दाजु) को २०७५ असार १० गते निधन भएको थियो । उहाँ जन्डिस र उच्च रक्तचापबाट पीडित हुनुहुन्थ्यो । उहाँको निधनले कास्की जिल्लाको कम्युनिस्ट आन्दोलनमा अपुरणीय क्षति पुगेको छ । शोक शक्तिमा बदलिने अपेक्षासहित तेस्रो वार्षिकीमा रातो सलामसहित भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

# जनप्रिय क्याम्पसलाई कृषि बैंकद्वारा शैक्षिक सामग्री



**समाधान संवाददाता**
पोखरा, ९ असार

जनप्रिय बहुमुखी क्याम्पसलाई कृषि विकास बैंक लिमिटेड गण्डकी प्रदेश कार्यालयले संस्थागत सामाजिक उत्तरदायित्व (सिआरएस) अन्तर्गतको शैक्षिक सामग्री कम्प्युटर तथा प्रोजेक्टर बुधबार एक समारोहबिच हस्तान्तरण गरेको छ ।

प्रमुख आमन्त्रित व्यक्तित्व कृषि विकास बैंक लिमिटेड सञ्चालक समितिका सदस्य हरिप्रसाद पराजुलीले 'क्याम्पसलाई हस्तान्तरण गरिएका सामग्री थोरै जस्तो भए पनि महत्व धेरै छ । सानो जस्तो लागे पनि यसको सन्देश ठूलो छ,' उनले भने । पराजुलीले क्याम्पसलाई कर्जा सुविधा दिन तत्पर रहेको जनाउँदै घरआँगनको बैंकमा आर्थिक गतिविधि गर्न आग्रह पनि गरे । उनले श्रम बजारलाई चाहिने दक्ष जनशक्ति उत्पादनमा क्याम्पसले दिएको योगदानबाट बैंक वित्तीय क्षेत्र मात्रै होइन समुदाय नै लाभान्वित भएको बताए ।

**ब्रान्डेड २ थान कम्प्युटर र इप्सनको प्रोजेक्टरसहित अन्य शैक्षिक सामग्री हस्तान्तरण**

बैंकका गण्डकी प्रदेश निर्देशक रघुनाथ अधिकारीले समुदायमा आधारित नाफारहित क्याम्पससँग जोडिन पाउनु बैंकको गौरव भएको उल्लेख गरे । २०४२ सालबाट कम्प्युटर प्रणालीबाट सेवा दिँदै आएको बैंकले शैक्षिक संस्थालाई प्रविधिमैत्री बनाउन शैक्षिक सामग्री र कम्प्युटर उपकरण हस्तान्तरण गरिएको जनाए ।

बैंकका मुख्य शाखा प्रबन्धक माधव रिजालले वित्तीय कारोबार गर्ने बैंकले नाफाको १ प्रतिशत रकम सामाजिक क्षेत्रमा खर्च गर्नुपर्ने अनिवार्य प्रावधान अनुसार सामुदायिक क्याम्पस जनप्रियलाई रोजिएको बताए । रिजालले क्याम्पसका बिबिए, बिबिएस र एमबिएस अध्ययन गर्ने विद्यार्थी बैंकमा इन्टर्नसिपका लागि आउने हुँदा आगामी दिनमा दुई संस्थाबीचको सम्बन्ध अझ प्रगाढ हुने विश्वास गरे ।

क्याम्पस प्रमुख विरञ्जी गौतमले बैंकले प्रदान गरेको शैक्षिक सामग्री व्यवस्थापन संकायमा अध्ययन गर्ने विद्यार्थीका लागि सहयोगी हुने बताए । क्याम्पसलाई प्राप्त कम्प्युटर र प्रोजेक्टरको परिमाण सानो आकारको भए पनि मन ठूलो रहेको तथ्यलाई स्मरण गर्दै सहयोगको सम्मान गर्ने बताए ।

क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष तारा गिरीले शैक्षिक संस्था र वित्तीय संस्थाबीच कार्यगत एकता हुनु सकारात्मक सन्देश हो, भावी दिनमा अझै हातेमाला गरेर अगाडि बढ्ने प्रतिवद्धता जनाए । कोभिड-१९ को विश्वव्यापी महामारीका कारण भौतिक रूपमा कक्षा सञ्चालन नभए पनि क्याम्पसले अनलाइनमार्फत् भर्चुअल कक्षा सञ्चालन गरिरेहेको अवस्थामा बैंकद्वारा प्रदान गरिएका सामग्रीले पठनपाठनमा सहयोग पुग्ने विश्वास उपप्रशासक एकनारायण अर्यालले जानकारी दिए ।

डेल कम्पनीको ब्रान्डेड २ थान कम्प्युटर र इप्सनको प्रोजेक्टरसहित अन्य शैक्षिक सामग्री बैंक सञ्चालक समितिका सदस्य हरिप्रसाद पराजुली, प्रदेश निर्देशक रघुनाज अधिकारी, र शाखा प्रबन्धक माधव रिजालले क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष तारा गिरी र क्याम्पस प्रमुख विरञ्जी गौतमलाई हस्तान्तरण गरेका थिए ।

२०२४ सालमा स्थापित कृषि विकास बैंकले ५४ वर्ष पार गरिसकेको छ । राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त कृषि विकास बैंकले मुलुकका सबै क्षेत्रमा शाखा विस्तार गरेर सेवा प्रवाह गरेको छ । नेपाल सरकारको ५१ प्रतिशत र सर्वसाधारणको ४९ प्रतिशत सेयरमा २ लाख ५० हजारभन्दा बढी सेयर सदस्य आवद्ध छन् । अत्याधुनिक प्रविधिसँग जोडिएको बैंकले कृषि क्षेत्रलाई मात्रै होइन वाणिज्य क्षेत्रलाई समेट्दै आफ्ना प्रडक्ट ग्राहकको पहुँचसम्म पुर्‍याएको छ ।

क्याम्पसको सभाहलमा कृषि विकास बैंक लिमिटेड गण्डकी प्रदेश कार्यालय पोखराद्वारा आयोजित सामग्री हस्तान्तरण कार्यक्रमको सभापतित्व निर्देशक रघुनाथ अधिकारीले गरेका थिए भने सञ्चालन वरिष्ठ शाखा प्रमुख महेश पौडेलले गरेका थिए ।

# १७ गतेबाट आन्तरिक उडान

काठमाडौं, ९ असार (समाधान)- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले असार १७ गतेदेखि आन्तरिक उडान पुन: सुरु गर्ने निर्णय गरेको छ । स्वास्थ्य मन्त्रालयसँगको छलफलपछि वायु सेवा कम्पनीलाई सिमित तथा सुरक्षित गन्तव्यमा ५० प्रतिशत क्षमतामा उडान गर्ने निर्णय गरिएको नागरिक उड्डयन सचिव यादवप्रसाद कोइरालाले जानकारी दिए।

'अबको १ सातामा आन्तरिक उडान सुरु हुँदै छ । विभिन्न गन्तव्यको अवस्था अनुसार उडान अनुमति दिइनेछ । सबै गन्तव्यमा उडान गर्न दिइने छैन । कोरोना महामारी संक्रमणको अवस्था गम्भीर भएको गन्तव्यमा उडान गर्न दिइने छैन,' सचिव कोइरालाले भने, 'स्वास्थ्य मन्त्रालयको छलफलपछि गन्तव्य निश्चित हुनेछ ।'

नागरिक उड्डयन प्राधिकरणले उडान समय तालिका र उडान संख्या निश्चित गरिदिए लगत्तै आन्तरिक उडान गर्दै आएका बुद्ध, श्री, यती, सौर्य, सीता, समिट, तारा, गुण लगायत वायुसेवा कम्पनीले टिकट बिक्री सुरु गर्ने जनाएका छन् ।

क्याबिनेटको निर्णय आएसँगै आन्तरिकतर्फको नियमित उडान पुन: सुरु गर्न ढिलाइ भइसकेको निजी वायुसेवा कम्पनी बुद्ध एयरले जनाएको छ । 'क्याबिनेटको निर्णय आएसँगै हामीले आइतबारदेखि नै नियमित उडान सुरु हुने आशा लिएका थियौं । तर समय अलि पर सारिएछ,' कम्पनीका बिक्री तथा बजार निर्देशक रुपेश जोशीले भने ।

नागरिक उड्डयन प्राधिकरणबाट उडान तालिका र उडान संख्याको विवरण आएको आधारमा टिकट बुकिङ सुरु गर्ने योजना रहेको निर्देशक जोशीले जानकारी दिए । श्री एयरलाइन्स पनि नियमित उडानका लागि सरकारले गन्तब्य निश्चित गरेलगत्तै टिकट बिक्री सुरु गर्ने योजनामा छ। 'गन्तव्य निश्चित हुन बाँकी नै छ । उडान गरिने गन्तव्य फाइनल भएलगत्तै टिकट बिक्री सुरु गर्नेछौं, ' कम्पनीका प्रवक्ता अनिल मानन्धरले भने । दोस्रो लहर पछि सुरु हुन लागेको नियमित आन्तरिक उडानका लागि प्राधिकरणले तोकेको मापदण्ड अनुसार टिकट बिक्री सुरु गर्ने योजना रहेको यती एयरलाइन्सका उडान सुरक्षा प्रमुख एवं प्रवक्ता सुदर्शन बर्तौलाले बताए ।

# ५८ युनिट रगत संकलन



**समाधान संवाददाता**
पोखरा, ९ असार

नेपाल यातायात स्वतन्त्र मजदुर संगठनको ४२ औं स्थापना दिवसको अवसरमा संगठनको गण्डकी प्रदेश कमिटीले बुधबार खुला रक्तदान आयोजना गर्‍यो ।

कार्यक्रममा ५८ युनिट रगत संकलन भएको संगठनका प्रदेश अध्यक्ष विष्णुबहादुर केसीले जानकारी दिए । नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)गण्डकी प्रदेश अध्यक्ष रुद्रबहादुर खत्रीले पहिलो रक्तदाता सुनिता रञ्जितलाई ब्लड व्याग हस्तान्तरण गरी कार्यक्रम सुरुआत गरेका थिए ।

उनले जिफन्टको संस्थापक घटक युनियन संगठनले स्थापना दिवसमा रचनात्मक र सिर्जनात्मक कार्यक्रम गर्दै आएको बताए । 'संगठन नियमित रक्तदान गर्ने संस्था हो,' उनले भने, 'पोखरामा रगत अभाव भएको बेलाको कार्यक्रमको छुट्टै महत्व छ ।' उनले योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा जोड दिए ।

पृथ्वी राजमार्ग बस कम्पनी प्रालिका अध्यक्ष योगेन्द्रबहादुर केसीले कोरोनाको फैलावटलाई नियन्त्रण गर्न लगाएको निषेधाज्ञाले सार्वजनिक यातायात क्षेत्र तहसनहस भएको बताए । उनले रातो प्लेटका सवारीलाई निर्वाध चल्न दिए पनि राज्यले कालो प्लेटका सवारीलाई चल्न नदिएर अन्याय गरेको आरोप लगाए । उनले समग्र यातायात व्यवसायी र मजदुरसँगको समन्वयमा आउने असार १६ गतेदेखि देशव्यापी रुपमा सार्वजनिक सवारी चलाउने घोषणा गरे ।

कार्यक्रममा नेपाल यातायात मजदुर संगठनका केन्द्रीय उपाध्यक्ष तथा गण्डकी प्रदेशका इञ्चार्ज कर्णसिं गुरुङ, केन्द्रीय कमिटी सचिव विष्णुबहादुर पराजुली, गण्डकी प्रदेश कमिटी अध्यक्ष विष्णुबहादुर केसी, उपाध्यक्ष तिलबहादुर विश्वकर्मा र सचिवालय सदस्य बाबुराम रानाले बोलेका थिए ।


**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परिक्षण सम्बन्धी सूचना !**

पोखरा महानगरपालिका वडा नं. २१ स्थित साम्मी मैदान र बांजी पोखरी विश्राम स्थल निर्माण कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी खर्चबारे सरोकारवालाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम: साम्मी मैदान र बांजी पोखरी विश्राम स्थल निर्माण उपभोक्ता समिति**

| | |
|---|---|
| योजनाको कुल लागत | : रु ५,५६,९०२।०० |
| योजना सम्झौता मिति | : २०७७/१०/२५ |
| योजना सुरु हुने मिति | : २०७७/११/०२ |
| योजना सम्पन्न हुने मिति | : २०७८/०१/२५ |
| योजना सम्पन्न मिति | : २०७८/०३/०५ |
| महानगरपालिकाबाट प्राप्त हुने रकम: | : रु. ५,००,०००।०० |
| उपभोक्ता (जनसहभागिता) बाट | : रु. ५६,६९०।०० |

**अनुगमन समिति संयोजक : नारायणदत्त अधिकारी**

**नारायण गिरी**
अध्यक्ष
**साम्मी मैदान र बांजी पोखरी विश्राम स्थल निर्माण उपभोक्ता समिति**
पोखरा-२१


# बेपत्ता शिक्षकको खोजी गर्न माग

**राष्ट्रिय समाचार समिति**
म्याग्दी, ९ असार

विभिन्न संघ, संगठनले रहस्यमयरूपमा बेपत्ता भएका बेनी नगरपालिका ५ बगुवाखोलाका शिक्षक भक्त कार्कीको खोजी गरी दोषीलाई कारबाहीको माग गरेका छन् ।

बगुवाखोलास्थित बालजागृति आधारभूत विद्यालयका प्रधानाध्यापक कार्की आइतबार साँझदेखि बेपत्ता छन् । विद्यालय नजिकै म्याग्दी नदी किनारमा रगतका दाग, कार्कीले लगाउने हाफ ज्याकेट, चप्पल र मोबाइल फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । म्याग्दीस्थित नेपाल शिक्षक महासंघ, नेपाल शिक्षक संघ, नेपाल राष्ट्रिय शिक्षक संगठन र एकीकृत अखिल नेपाल शिक्षक संगठनले मंगलबार प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीलाई बेपत्ता कार्कीको खोजी गरी घटनाको निष्पक्ष छानबिन गर्न र दोषीलाई कानुनी दायरामा ल्याउन माग गर्दै ज्ञापनपत्र बुझाएका थिए ।

शिक्षक महासंघ म्याग्दी अध्यक्ष जयराम सुवेदीको नेतृत्वमा शिक्षक संघ सङ्गठनका प्रतिनिधिहरूले प्रशासनमा पुगेर ध्यानाकर्षण गराएका थिए । बौद्धिक अपांगता स्रोत कक्षा सञ्चालन भएको बालजागृति आधारभूतका प्रधानाध्यापक कार्की साहित्यसँगै विभिन्नि सामाजिक संघ, संस्थामा आबद्ध छन् ।

म्याग्दी साहित्य समाजका अध्यक्ष ध्रुवलाल शर्मा, सूर्यनारायण पुरस्कार संस्थाका सचिव अजयमिलन श्रेष्ठ र पुलत्स्य साहित्य समाजका अध्यक्ष कृष्णबहादुर बानियाले पनि मंगलबार नै संयुक्त विज्ञप्ति जारी गर्दै बेपत्ता कार्कीको खोजी गरी दोषीलाई कारबाहीको माग गरेका छन् ।

कार्कीलाई बेपत्ता बनाएको अभियोगमा प्रहरीले बेनी नगरपालिका ५ चुत्रेनीका एक युवालाई कुश्माबाट पक्राउ गरेको छ । विद्यालयमा कार्यरत अन्य २ कर्मचारीसँग पनि प्रहरीले निरन्तर सोधपुछ गरिरहेको छ । पक्राउ परेका कसैको पनि नाम प्रहरीले सार्वजनिक गरेको छैन ।

आइतबार बगुवाखोलामै देखिए पनि पक्राउ परेका व्यक्ति घटनापछि हिँडेरै कुश्मा पुगेको बताइएको छ । प्रहरी नायब उपरीक्षक श्यामकुमार राईले अनुसन्धानकै क्रममा रहेकाले हत्या अथवा बेपत्ता भन्ने खुलिनसकेको बताउँछन् । 'घटनास्थलको प्रकृति हेर्दा कर्तव्य ज्यान गरेको जस्तो देखिन्छ', उनले भने, 'बेपत्ताको खोजीसँगै शंकास्पद व्यक्तिहरूसँग सोधपुछ र अनुसन्धानलाई निरन्तरता दिएका छौं ।'

बेपत्ता कार्कीको खोजीमा सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोली परिचालन भएको छ । नदी किनार र सम्भावित ठाउँमा निगरानी बढाइएको छ । कपडा भेटिएको ठाउँ नजिकै स्काभेटरले खोलाको बहाव फर्काएर पनि खोजी गरिएको थियो । आइतबार बिहान ८ बजे घरबाट विद्यालय जान भनेर निस्किएका कार्की साँझ घर नआएपछि परिवारले खोजी थालेको थियो ।

# माधव नेपालको पार्टी दर्ता

**समाधान संवाददाता**
काठमाडौं, ९ असार



निर्वाचन आयोगमा नेपाल कम्युनिष्ट पार्टी एकीकृत दर्ता भएको छ । दुई दिनअघि जीवन राई अध्यक्ष रहेको सो दल दर्ता भएको आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिए । पार्टीले चुनाव चिन्ह कलम पाएको छ । सो पार्टीले आयोगबाट दल दर्ताको प्रमाणपत्र समेत पाइसकेको छ ।

एमाले वरिष्ठ नेता माधवकुमार नेपाल पक्ष जीवन राईको नेतृत्वमा सो दल दर्ता भएको हो । गत वैशाख ६ गते आयोगमा दल दर्ताको निवेदन परेको थियो । सो दलको अध्यक्षमा जीवन राई, उपाध्यक्षमा कल्पना गुरुङ, महासचिवमा विनोद खुलाल, सचिवमा ऐनविक्रम कुँवर र कोषाध्यक्षमा सुशील खनाल छन् ।

# बेंसीसहरको बजेट साढे ७२ करोड

**राष्ट्रिय समाचार समिति**
बेंसीसहर, ९ असार

लमजुङ बेँसीसहर नगरपालिकाले आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा स्वास्थ्य, शिक्षा, पूर्वाधार, कृषि, पशुपालन तथा उत्पादनका क्षेत्रमा जोड दिँदै रु ७२ करोड ६५ लाख ४१ हजारको अनुमानित बजेट प्रस्तुत गरेको छ ।

नगरसभामा उपप्रमुख लक्ष्मीदेवी अधिकारीले नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्दै कोरोना रोकथाम, नियन्त्रणलाई प्रथामिकता दिँदै चालु वर्षका भएका प्रगति र आगामी वर्ष लिइने नीति तथा कार्यक्रम सार्वजनिक गरेका थिए । उक्त सार्वजनिक गरिएको बजेटमध्ये चालुतर्फ ४० करोड ३३ लाख ४५ हजार (५२.५२ प्रतिशत) र पूँजीगततर्फ ३२ करोड ३१ लाख ९६ हजार(४४.४८ प्रतिशत) बजेट छ ।

बजेटको खर्च व्यहोर्ने स्रोतमा आन्तरिक स्रोत/राजस्वबाट ४ करोड ८१ लख ४५ हजार, संघीय र प्रदेश राजश्व बाँडफाँटबाट १० करोड ४१ लाख ७३ हजार, संघीय र प्रदेश समानीकरण अनुदानबाट १५ करोड ९६ लाख २३ हजार, संघीय र प्रदेश सशर्त, समपूरक र विशेष अनुदानबाट ३६ करोड ४६ लाख तथा चालु आवको असार मसान्तसम्म खर्च भई बाँकी रहने नगद मौज्दातबाट अनुमानित ५ करोड छ ।

नीति, कार्यक्रम तथा बजेटमाथि नगरसभाका सभासद्हरुको राय, सुझाव र परामर्शलाई मध्यनजर गर्दै आगामी वर्षका लागि योजनागत रुपमा बजेट निर्माण गरिने नगर प्रमुख गुमानसिंह अर्यालले बताए । विषयगत रुपमा सबैभन्दा बढी सामाजिक विकासतर्फ ४१.८५, भौतिक पूर्वाधार विकासमा २५.५५, संस्थागत विकास तथा सैवा प्रवाहमा १६.१४, आर्थिक विकासमा १४.२८ र वातावरण तथा विपद् व्यवस्थापनमा २.१८ प्रतिशत बजेट बाडफाँट गरिएको नगरपालिकाका प्रेस सल्लाहकार कृष्ण केसीले जानकारी दिए ।

नीति, कार्यक्रम तथा बजेटमा चालु वर्षको प्रगति विवरणसमेत प्रस्तुत गरिएको थियो । चालु वर्षमा ६० प्रतिशत वित्तीय प्रगति भएको, ४ सय योजना रहेकामा अधिकांश सम्पन्न भएको तथा बन्दाबन्दीको अवस्थामा पनि नगरपालिकाले प्रभावकारी सेवा प्रवाह गरेको प्रगति विवरणमा उल्लेख गरिएको छ ।


त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
**पोखरा नर्सिङ क्याम्पस**
पोखरा–१२, रामघाट
फोन नं. ०६१-५२०४३८, ५२०४८५

**मूल्य सहित शिलबन्दी सूची पेश गर्ने बारे**

प्रकाशित मिति २०७८/०३/१०

त्रि.वि.चि.शा.अ.संस्थान नर्सिङ्ग क्याम्पस रामघाट पोखरालाई आ.व. ०७८।०७९ को लागि तपसिल बमोजिमका सामानहरुको मूल्य सूची आवश्यक भएकोले २१ दिन भित्र यस कार्यालयको प्रशासन शाखामा कार्यालय समय भित्र आईपुग्ने गरी मूल्य सहित शिलवन्दी सूची पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**
१. छपाई तथा मसलन्द सामानहरु (स्टेशनरी)
२. विद्युतीय सामानहरु
३. टोनर, कार्टेज
४. प्लम्वीङ्ग सम्वन्धी सामानहरु
५. फर्निचर तथा फर्निसिङ्ग फ्लोरिङ्ग
६. हार्डवेयर सम्वन्धि सामानहरु (रंग रोगन, सिमेन्ट, छड आदि)
७. ल्यापटप, कम्प्यूटर, प्रिन्टर, फोटोकपी मेशिन
८. चेक राईटर, डट प्रिन्टर मेशिन
९. नर्सिङ्ग ल्याव सम्वन्धी सामानहरु
१०. भान्सामा प्रयोग हुने सामाग्रीहरु
११. अन्य आवश्यक समानहरु

**पेश गर्नु पर्ने कागजातहरु:**
१. मूल्य अभिवृद्धि कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी ।
२. सम्वन्धित सरकारी निकायमा संस्था दर्ता भएको प्रमाणपत्र नवीकरण पत्र तथा इजाजत पत्रको प्रतिलिपी ।
३. आ.व. ०७६।०७७ सम्मको कर चुक्ता प्रमाणको प्रतिलिपी ।
४. शिलवन्दी खाममा सूचिकृत हुने सामानको प्रकृति उल्लेख गर्नु पर्नेछ ।
५. माथि उल्लेख भएका सामानहरुको विवरणको फाराम क्याम्पसबाट उपलव्ध गराईने छ ।

**क्याम्पस प्रमुख**


# पर्वतको भोर्ले १ हप्ता सिल

पर्वत, ९ असार (रासस)-पर्वतको पैंयु गाउँपालिका ७ भोर्ले १ हप्ताका लागि सिल गरिएको छ । एउटै वडाका कोभिड शंकास्पद ५० जनाको एन्टिजेन परीक्षणमा २० जनामा कोरोना पुष्टि भएपछि असार १५ गतेसम्मका लागि सिल गरिएको हो ।

पैंयु गाउँपालिकाको सिफारिसमा कोभिड व्यवस्थापन समिति पर्वतको बुधबारको बैठकले जोखिमयुक्त क्षेत्र घोषणा गरेको हो । साबिक भोर्ले गाविस ४ र ५ क्षेत्रमा पर्ने हिले गाउँको पूर्वमा तुलसीखर्क वन, भूमिचोक, पश्चिममा स्वामीडाँडा, भुवनगैरा, उत्तरमा स्वामिडाँडा, भोर्लेखोला, खरिबोट, दक्षिणमा अमलपोखरी, आङमाङ तथा खोलाभित्र पर्ने चार किल्लालाई जोखिमयुक्त क्षेत्र तोकिएको हो ।

यो क्षेत्रका नागरिक १ सातासम्म अत्यावश्यक कामबाहेक हिडडुल नगर्ने, बाहिरी क्षेत्रबाट उक्त गाउँमा प्रवेश नगर्ने, एम्बुलेन्स, दमकल शववाहन तथा स्वास्थ्य सामग्री बोकेका सवारी साधनबाहेक अन्य सवारीसाधन उक्त क्षेत्रमा सञ्चालन नगर्न प्रशासनले आदेश दिएको छ । उक्त आदेशको अवज्ञा गरे कानुनबमोजिम कारबाही गरिने प्रमुख जिल्ला अधिकारी देवी पाण्डे खत्रीले जानकारी दिइन् ।

मंगलबार गरिएको परीक्षणमा एउटै बस्तीमा धेरै संत्रमित भेटिएपछि गाउँ सिल गरिएको पैंयु गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशव लामिछानेले जानकारी दिए ।



**गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालय तथा धौलागिरि अस्पताल बागलुङको आयोजनामा स्टाफ नर्सलाई सुरक्षित प्रसूति सेवा दिने विषयमा प्रशिक्षण दिँदै सिनियर नर्स देवी भट्टराई।**

*तस्बिर : रासस*

# प्रदेश खेलकुद परिषदको सय दिन

पोखरा, ९ असार (समाधान)- गण्डकी प्रदेश खेलकुद परिषदले आफ्नो १ सय दिनको उपलब्धि सार्वजनिक गरेको छ । प्रखेपका सदस्य सचिव तेजबहादु गुरुङले बुधबार उपलब्धिहरु सार्वजनिक गरेका हुन् ।

गुरुङका अनुसार प्रखेपले १२ पटक बैठक बसेको छ । यसबीच प्रखेपले विभिन्न गोष्ठी आयोजना गरेको पनि गुरुङले बताए । ठेलो खेललाई नवौं राष्ट्रिय खेलकुदमा समावेश गर्ने लक्ष्य सहित वृहत छलफल आयोजना गरिएको र खेलका नियम विधान तयार पारिएको छ ।

प्रखेपले आफ्नै प्रशासानिक भवन निर्माणका लागि उपभोक्ता समितिको गठन गरेको छ । २ तले भवन बनाउनका लागि बजेट रकामान्तर गरिएको गुरुङले बताए । नवौं खेलकुदलाई लक्षित गरी रंगशालामा बाथरुम र शौलालय बनाउन लागिएको छ । प्रखेपले १७ जनाले एकैपटक प्रयोग गर्न मिल्ने गरी २५ लाख रुपैयाँमा सो संरचना बनाउन लागेको हो । मुस्ताङमा शौचालय निर्माणका लागि १७ लाख रुपैयाँ पठाइएको गुरुङले बताए ।

आगामी आर्थिक वर्ष ५० करोड बराबरको बजेट पाएकाले सो अनुसारको कार्यक्रम तय गरिएको बताए । यो वर्ष ड्रिम प्रोजेक्ट अन्तर्गत बहुउद्धेश्यीय होस्टल बनाउन लागिएको गुरुङले बताए । यस्तै पशुपतिघाट क्रिकेट मैदानको निर्माणका लागि ५ लाख रुपैयाँ विनियोजन गरिएको जनाइएको छ ।

# कविता बनिन् सर्वोत्कृष्ट कवि

काठमाडौं, ९ असार (समाधान)- राष्ट्रिय कविता महोत्सव २०७८ मा भोजपुरकी कविता राई प्रथम भएकी छन् । उनको देशको नक्शा शीर्षक कविता सर्वोत्कृष्ट बनेको हो ।



नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित महोत्सवमा धादिङकी अमृता स्मृति द्वितीय (डढेलोपछि पनि वसन्त आउँछ) तथा बर्दियाकी निरञ्जनाकुमारी चन्द (युगीन प्रतिध्वनि), ताप्लेजुङकी सविता बराल (आमा म आएँ अब) र नुवाकोटका प्रकाश सिलवाल (बोधिसत्वको खोप) तृतीय भए ।

प्रतियोगितामा प्रथम हुनेलाई ५० हजार, द्वितीयलाई ४० हजार र तृतीयलाई जनही ३० हजार र सम्मानपत्र दिइनेछ । कार्यक्रममा प्रतिष्ठानका कुलपति गंगप्रसाद उप्रेतीले प्रज्ञा प्रतिष्ठानको ६४ औं वार्षिकोत्सव तथा कविता महोत्सवको दिन नेपालको वाङ्मय क्षेत्रको विशिष्ट दिन भएको बताए ।

कार्यक्रम संयोजक तथा प्राज्ञ परिषद् सदस्य प्राडा हेमनाथ पौडेलले वर्तमानको यथार्थमा आधारित रहेर सन्देशमूलक रचना नै उत्कृष्ट हुने र कला पक्षलाई सशक्त बनाउनुपर्ने सुझाव दिए । प्रतिष्ठानका सदस्य सचिव प्रा जगतप्रसाद उपाध्यायले बन्दाबन्दी र निषेधाज्ञाका फुर्सदिलो समयमा साहित्यकार झनै राम्रा सिर्जना तयार गर्न सफल भएको बताए ।

प्रतिष्ठानका प्राज्ञसभा सदस्य तथा सञ्चार संयोजक शशी लुमुम्बुले महोत्सवमा ७ सय ६४ जनाले सहभागिता जनाएकामा अन्तिम प्रतियोगिताका लागि ४१ कविता छनोट गरिएको जानकारी दिए । स्वदेश बाहिर रहेका ८ र देशका २० जिल्लाबाट प्रतियोगितामा सहभागिता थियो । वार्षिकोत्सवका अवसरमा प्रज्ञा प्रतिष्ठानका १५ कर्मचारीलाई जनही ३० हजारसहित दीर्घसेवा पदकबाट सम्मानित गरियो । सम्मानित हुनेमा राजेन्द्रकुमार शाही ठकुरी, उत्तमराज उपाध्याय, राजकुमार श्रेष्ठ, शिवकुमार चापागाईं, विजयमानसिंह प्रधान, कर्णबहादुर कुमाल, बुद्धि तिमिल्सिना, राधा कार्की, पूर्णबहादुर श्रेष्ठ, रामकुमार बोहोरा, नानु सुवेदी, भगवती लामिछाने, मैयाँ महर्जन, नारायणप्रसाद अधिकारी र जमुना कुचीकार छन् ।

# संक्रामक अस्पताललाई अक्सिजन प्लान्ट



**समाधान संवाददाता**
पोखरा, ९ असार

पोखरा महानगरपालिकाको लेखनाथस्थित आँपुडाँडामा रहेको संक्रामक तथा सरुवा रोग अस्पतालमा अक्सिजन प्लान्ट स्थापना हुने भएको छ । पुरी फाउन्डेसन बेल्जियमको समन्वयमा युरोपबाट अक्सिजन प्लान्ट बन्न लागेको हो ।

प्लान्ट स्थापनाका लागि फाउन्डेसनका प्रतिनिधि वेदुराम भुसालसहितको टोली मंगलबार नेपाल आइपुगेको छ । प्लान्टका उपकरणसहित इन्जिनियरसहितको टोली बुधबार अस्पतालमा आएको हो । प्लान्टबाट दैनिक ६ हजार लिटर लिक्विड अक्सिजन उत्पादन हुनेछ ।

गैरआवासीय नेपाली समाज बेल्जियमसमेतका विभिन्न संस्थाको सहयोगमा लगभग २ करोडमा प्लान्ट जडान हुनेछ । कोरोना महामारीका बेला साबिकको लेखनाथ सामुदायीक अस्पताललाई गण्डकी प्रदेश सरकार मातहतमा ल्याई संक्रमक तथा सरुवा रोग अस्पतालका रुपमा विकास गरिएको हो । हाल अस्पतालमा ७५ शय्या छन् ।

**प्लान्टबाट दैनिक ६ हजार लिटर अक्सिजन उत्पादन हुनेछ**

कोरोना कहरमा अक्सिजन अभावमा कसैले पनि ज्यान गुमाउन नपरोस् भन्ने हेतुले अस्पतालमा प्लान्ट स्थापनाका लागि सहयोग जुटाएको पुरी फाउन्डेसनका प्रमुख कार्यकारी अधिकृत पुरीले जानकारी दिए । अस्पतालका निर्देशक डाक्टर विकास गौचनले फाउन्डेसनको पहलमा स्थापना हुने अक्सिजन प्लान्टले लेखनाथमा रहेका बिरामीको उपचारमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरे । गौचनले भने, 'फाउन्डेसनको पहलमा भएको यो सहयोगले अब लेखनाथमा कोही पनि बिरामीले अक्सिजन अभावका कारण ज्यान गुमाउन पर्दैन ।'

फाउन्डेसनमार्फत अस्पतालमा प्लान्ट स्थापनाका लागि निरन्तर पहल गरेका पूर्वमन्त्री तथा कांग्रेसका नेता यज्ञबहादुर थापाले प्लान्ट स्थापनापछि कोभिड वा जुनसुकै रोगका बिरामी अब अक्सिजनकै खोजीमा पोखराका अस्पताल चाहार्न नपर्ने बनाए । नेपाली कांग्रेस कास्की शभापति कृष्ण केसीले लेखनाथको अस्पतालमा अक्सिजन प्लान्ट बनेपछि त्यस क्षेत्रको स्वास्थ्य क्षेत्रमा ठूलो परिवर्तन आउने उल्लेख गरे । उनले कास्कीका गाउँ गाउँमा रहेका स्वास्थ्य चौकीलाई पनि उपकरणका हिसाबले सुविधा सम्पन्न बनाउन सबै लाग्नुपर्ने औंल्याए ।

मंगलबार प्लान्ट ग्रहण गर्न राजधानी पुगेका उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य बाबुराम गिरीले अस्पतालमा १ सय ५० शय्यालाई पुग्ने अक्सिजन प्लान्ट स्थापना हुनु गौरवको विषय भएको जनाए । कार्गो विमानमार्फत नेपाल ल्याइएको प्लान्ट जडान गरी अक्सिजन उत्पादन हुन कम्तीमा १ साता लाग्ने फाउन्डेसनले जनाएको छ ।

# फ्रि वाईफाई जोन बनाउँदै रुपा




**समाधान संवाददाता**
पोखरा, ९ असार

कास्कीको रुपा गाउँपालिकाले समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्य हासिल गर्न विभिन्न योजनाअघि सारेको छ । बुधबार अध्यक्ष नवराज ओझाले गाउँसभामा आगामी वर्षको नीति तथा कार्यक्रम पेश गरे ।

नीति तथा कार्यक्रममा पालिकाका ५४ ठाउँलाई फ्रि वाईफाई जोन बनाउन प्रस्ताव गारिएको छ । पालिकाले यस वर्ष १ घर, १ टनेलको व्यवस्था गरी तरकारी उत्पादनमा उल्लेख वृद्धि गर्ने लक्ष्य लिएको छ । किसानलाई व्यवसायिक बनाउँदै रुपाले १ वडा, १ नर्सरीको नीति लिएको छ । पशुपालनलाई बढावा दिन एक टोल, एक कृषक समूह बनाउने नीति लिइएको छ ।

गाउँसभामा अध्यक्ष ओझाले लालीगुराँस संरक्षण क्षेत्र घोषणा गरी पर्यटन बढाउन प्रस्ताव गरेका छन् । रुपाले सामुदायिक वनमा गुर्जो उत्पादन गर्ने योजना बनाएको छ । सामुदायिक वन, जनताको आर्थिक समृद्धिमा योगदान भन्ने नाराका साथ १ हजार गुर्जो उत्पादन गर्ने लक्ष्य लिइएको छ ।

पालिका कार्यालयबाट सबै वडा कार्यालयसम्म पुग्ने बाटो पाक्की बनाइने उनले जनाएका छन् । हरेक वडामा खेलमैदान र पालिकास्तरीय रंगशाला निर्माणलाई अघि बढाउने नीति रुपाले लिएको छ । महिला तथा बालबालिकाको आयआर्जन बढाउन उपाध्यक्षसँग महिला कार्यक्रम सञ्चालन गरिने भएको छ ।

अध्यक्ष ओझाले सभामा रुपा ७ हंसपुरमा संग्रहालय बनाउन प्रस्ताव गरेका छन् । विभिन्न समयमा आउने प्राकृतिक विपत्तिका लागि विपद् प्रतिकार्य योजना बनाई लागू गरिने भएको छ । रुपाले सबै वडामा मेलमिलाप केन्द्र स्थापना र मेलमिलाप कर्ता तोकी न्यायिक समितिलाई क्रियाशील बनाउने भएको छ । अध्यक्ष ओझाले समृद्ध नेपाल, सुखी नेपालीको नारा सार्थक बनाउन आवश्यक नीति निर्माण गरी कार्यान्वयन गर्न पालिका योजनावाद्ध रुपमा लागेको बताए ।

# बहुपति प्रथा पर्दामा

**समाधान संवाददाता**
काठमाडौं, ९ असार

बहुपति प्रथामा आधारित नेपालकै पहिलो चलचित्र 'टुल्की'को छायांकन गरिएको छ । द पाल्म ग्रुप प्रालिद्वारा निर्माण गर्न लागिएको उक्त चलचित्र डोल्पाको फोक्सुन्डो, त्रिपुराकोट, रल्ली, करेलीकाँडा लगायत विकट गाउँबस्तीमा पुगेर छायांकन गरिएको हो ।

डोल्पा, हुम्ला, मुगु, मुस्ताङ लगायत हिमाली जिल्लामा कुप्रथाका रुपमा अझै पनि कायमै रहेको बहुपति प्रथालाई टुल्कीमार्फत देखाइएको निर्माता शेखर लामाले जानकारी दिए । 'नेपालमा अहिलेसम्म बहुपति प्रथामा आधारित कुनै पनि चलचित्र बनेको छैन, टुल्की पहिलो चलचित्र हो, निकै जोखिम मोलेर खिचिएको यस चलचित्रका लागि झण्डै ४ वर्ष अनुसन्धान नै गरें,' निर्माता लामाले भने ।

बहुपति प्रथामा घरका कुनै एक भाइले बिहे गरेपछि अन्य दाजुभाइले बिहे गर्नु पर्दैन । जुन भाइले पहिला बिहे गरे तिनै भाइकी श्रीमतीसँग सबैले सामूहिक सन्तान जन्माउनेदेखि रात बिताउन पाउने प्रचलन छ ।



चलचित्रमा डोल्पाको तल्लो क्षेत्रमा पर्ने एक फरक समुदायमा हुर्केकी केटी प्रेम विवाह गरेर जान्छिन् र त्यहाँ गइसकेपछि उनले प्रथाका नाममा भोग्नुपरेको सामूहिक बलात्कारको दुखान्त कथावस्तुलाई उजागर गरिएको लामाको भनाइ छ ।

चलचित्रमा बहुपति प्रथामा मात्र सीमित नभई पश्चिम नेपालमा कुप्रथाका रुपमा व्याप्त छाउपडी प्रथालाई पनि उजागर गर्न खोजिएको छ ।

छायांकन गर्नका लागि मात्रै ३ महिना समय लाग्नाका साथै चलचित्र तयारी हुँदासम्म करिब १ करोड खर्च अनुमान गरिएको अर्का निर्माता आरपी कर्माचार्यले बताए । निर्माता कर्माचार्यका अनुसार अहिलेसम्म बनाइएका अन्य चलचित्रभन्दा फरक प्रकृतिको चलचित्र भएको जनाउँदै अबका १ महिनापछि नै चलचित्र निर्माण सकिनेछ । चलचित्र छायांकन सुशील अधिकारी र निर्देशन देवजंग थापाले गरेका छन् ।

चलचित्रमा प्रोडक्सन म्यानेजर भएर कलाकार लक्ष्मण देवकोटाले काम गरेका छन् । चलचित्रमा वरिष्ठ कलाकार शिशिर वाङ्देल, सोम लामा, स्वस्तिमा कार्की, सौजन सुब्बा, नरेन्द्र तामाङ, सोफिया लिम्बू, दीर्घ लामा, महेश लिम्बू, रत्नप्रसाद न्यौपाने लगायतका कलाकारको अभिनय छ ।

# चूडामणिसहित ३ विरुद्ध भ्रष्टाचार मुद्दा

**समाधान संवाददाता**
काठमाडौं, ९ असर

आन्तरिक राजस्व विभागका तत्कालीन महानिर्देशक चूडामणि शर्मासहित ३ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १ अर्ब ३३ लाख बढीको भ्रष्टाचार मुद्दा दायर गरेको छ । कर फर्छयौंट आयोगका २०७१ का पदाधिकारी अध्यक्ष लुम्बध्वज महतसँगै उमेशप्रसाद ढकाल र चूडामणि शर्मा ढकालविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको हो ।

आयोगका प्रवक्ता नारायणप्रसाद रिसालका अनुसार शर्मासहित तत्कालीन कर फछ्र्यौट आयोगका पदाधिकारीविरुद्ध १ अर्ब ३३ लाख २० हजार ३ सय ८५ रुपैयाँ बराबरको मुद्दा दायर भएको छ । बुधबार आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो । आयोगले उनीहरुमाथि कानुनविपरीत कर छुट दिइएको आरोप लगाएको छ ।

कर वक्यौताको विषयमा आयोगका पदाधिकारीले आपसी कुराकानीलाई मात्र आधार मानेर छुट दिने गरी सम्झौता गरेर मनोमानी गरेको देखिएको आयोगले जनाएको छ । उनीहरुविरुद्ध आयोगको ऐन, २०३३ को दफा १७ बमोजिम असल नियतले आफ्नो कार्य सम्पादन नगरेको देखिएको दाबी गरिएको छ । उनीहरुविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ अनुसार १ अर्ब ३३ लाख २० हजार ३ सय ८५ रुपैयाँ बिगो कायम गरिएको छ । उनीहरुमाथि कैद वा जरिवाना सजाय हुने मागदाबीसहित विशेष अदालत ऐन २०४९ को दफा ९ को आधारमा बुधबार विशेष अदालतमा मुद्दा दायर भएको प्रवक्ता रिसालको भनाइ छ ।

# रञ्जितलाई लाइफ फटाइम अचिभमेन्ट अवार्ड

**समाधान संवाददाता**
पोखरा, ९ असार



पाँचौ पोखरा स्पोर्टस् अवार्ड २०७६/०७७ अन्तर्गत लाइफ टाइम अचिभमेन्ट अवार्ड केशव रञ्जित (आनन्द)लाई प्रदान गरिने भएको छ । पोखरा ३ नदीपुर निवासी ६८ वर्षीय रञ्जितको पोखराको फुटबल विकासमा अतुलनीय योगदान छ ।

उनलाई अवार्डसहित ४० हजार बराबरको चाँदीको करुवा, ताम्रपत्र प्रदान गरिनेछ । प्रतिभा छनोटका लागि गठित समितिले उनको नाम सिफारिस गरेकोमा नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी अध्यक्ष एकराज गिरीको अध्यक्षतामा बसेको कार्यसमितिको २५ औं बैठकले अनुमोदन गरेको हो । मञ्च संस्थापक अध्यक्ष रामकृष्ण ज्ञवाली संयोजक रहेको प्रतिभा छनोट समिति सदस्यमा केशव पाठक, दीननाथ बराल, सन्देश श्रेष्ठ, सुदर्शन रञ्जित तथा पदेन अध्यक्षमा एकराज गिरी र महासचिव विजय नेपाल थिए ।

यसअघि लाइफटाइम अचिभमेन्ट अवार्डबाट कृष्ण थापा, प्राडा वीरेन्द्रसिंह गुरुङ, खड्गबहादुर रानाभाट र चित्रबहादुर गुरुङ सम्मानित भइसकेका छन् । यसपालि लाइफटाइम अचिभमेन्ट अवार्डका लागि पोखरा लेकसिटी हस्पिटल, सिमलचौरले पुरस्कार प्रायोजन गरेको छ । कोरोना महामारीका कारण गत वर्षदेखि हुन नसकेको पाँचौ संस्करणको स्पोर्टस् अवार्ड विश्व खेलकुद पत्रकार दिवस अवसरमा असार १८ गते स्वास्थ्य मापदण्ड अपनाई भर्चुअल माध्यवबाट हुँदै छ ।

मञ्चले यसपालि ७ विधामा अवार्ड वितरण गर्दै छ । जसमा लाइफटाइम अचिभमेन्ट अवार्डसहित वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, उदीयमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ र उत्कृष्ट खेल पत्रकारलाई नगदसहित अवार्ड वितरण गरिनेछ ।

उनी २०१० साल चैत २९ गते जन्मिएका उनले २०३१ सालदेखि नै खेल जीवन सुरु गरेका थिए । उनले करिब डेढ दशक गण्डकी अञ्चलको कप्तानी सम्हाले । २०३१ देखि २०४५ सम्म उनी गण्डकी अञ्चलको कप्तान थिए ।

# पोखरामा घन्टाघर...

बढ्दो कोभिड १९ संक्रमण र महामारीबाट नागरिकको सुरक्षाका लागि महानगरले छुट्टै कोभिड उपचार युनिट स्थापना गरी काम थालेको छ ।

मेयर जिसीले महानगरले साबिकको लेखनाथ नगरपालिका भवनमा हाल निर्मित कोभिड वार्डलाई क्रमशः शिशुवा अस्पतालको मुख्य संरचनाको रुपमा विकास गरिएको बताए ।

'हालको १५ शय्याको शिशुवा अस्पताल अहिले ५० शय्या पुर्याइएको छ,' मेयर जिसीले भने, '५० शय्याको उक्त अस्पतालमा ५० शय्या थप गरी आत्मनिर्भर रुपमा सञ्चालन हुनेतर्फ अग्रसर गराइनेछ ।' उनले सो अस्पताललाई कोभिड अस्पताल निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको जनाए । महानगरको कोभिड नियन्त्रणसम्बन्धी नीतिमा कोरोना रोकथाम तथा नियन्त्रणका लागि क्वारेन्टाइन र आइसोलेसन सञ्चालन, स्वाब संकलन लगायतका कामलाई निरन्तरता दिइएको उल्लेख छ । महानगरले विगतबाट सञ्चालित आइसोलेसन तथा हालै स्थापित अस्पताल वार्डको सञ्चालन, जनशक्ति व्यवस्थापन, पिसिआर परीक्षण, कन्ट्राक्ट ट्रेसिङ लगायतका कार्यलाई पनि निरन्तरता दिने भएको छ ।

महानगरले अग्र पंक्तिमा खटिने स्वास्थ्यकर्मीको जोखिम भत्तालाई निरन्तरता दिएको छ । कोभिड १९ का कारणले विभिन्न व्यवसायमा प्रभाव पर्न गएका व्यवसायीलाई समय सिमा दिई विभिन्न प्रकारका कर छुट तथा राहत दिने नीति महानगरले लिएको छ । वैदेशिक रोजगारीबाट फर्केकाहरुलाई लक्षित गरिएका कार्यक्रमलाई यसपालि पनि निरन्तरता दिएको छ ।

कोभिड १९ नियन्त्रणका लागि गत आर्थिक वर्षमा विनियोजित बजेटका आधारमा तथा दोस्रो लहरबाट सिकाइका आधारमा तेस्रो लहरसमेत आउन सक्ने आकलनका साथ आवश्यक रकम कोभिड नियन्त्रणसम्बन्धी कोषमा विनियोजन गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ ।

मेयर जिसीले कोभिड १९ ले महानगरका सबै आर्थिक गविविधि ठप्प हुँदा आन्तरिक राजस्व संकलन, विकासका कार्यक्रम र नियमित सेवा प्रवाहमा प्रतिकूल असर परेको बताए । महानगरले स्वास्थ्य सेवा जनताको सहज पहुँचमा पुर्याउन एम्बुलेन्सहरुको एकीकृत सेवाको अवधारणा विकास गर्दै ३ अंकको कल सेवा तथा रेडियोयुक्त एम्बुलेन्सका लागि साझेदार खोजी गरेको छ ।

महामारीले पिल्सिएका पोखरावासीलाई करको भार नपार्ने आगामी आर्थिक वर्ष करको दर नबढाउन प्रस्ताव गरिएको छ । महानगरले पोखरालाई अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्य बनाउन पोखराको पर्यटकीय ब्रान्डिङ र बजारीकरण गर्ने भएको छ । महानगरको लक्ष्य पर्यटकको सेवा, सुविधा र सुरक्षा प्रत्याभूति गराउनका साथै स्वदेशी तथ विदेशी पर्यटकको आगमनमा वृद्धि गर्न आवश्यक पहल गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ । महानगरले पोखरास्थित प्राकृतिक सम्पदा ताल, नदी नाला, गुफा, धार्मिक स्थल, कोटहरु संरक्षण गर्दै पर्यटकीय गन्तव्य सूचना केन्द्र स्थापना गर्नुका साथै निजी क्षेत्रको साझेदारीमा पोखरा बहुउद्देश्यीय टावर निर्माणको अध्ययन गर्ने भएको छ ।

महानगरले पर्यटन पूर्वाधारहरु निर्माण, पर्यटन प्रवर्द्धन, पर्यटन क्षेत्रमा क्रियाशील जनशक्तिको क्षमता विकास तथा होम स्टेहरुको क्षमता विकास एवं प्रचारप्रसार गरी पर्यटन क्षेत्रलाई पुनर्उत्थानको नीति लिएको छ । आन्तरिक पर्यटनमा टेवा पुर्याउन जनप्रतिनिधिलाई पनि ५ दिनको पर्यटन बिदा उपलब्ध गराउने नीति तथा कार्यक्रममा उल्लेख छ ।

महानगरले गण्डकी प्रदेश सरकारको सहकार्यमा पोखरा सभागृह जीर्णोद्वार थाल्ने भएको छ । पोखरा उपत्यका नगर विकास समिति एवं गण्डकी प्रदेश सरकारका सम्बन्धित कार्यालयको सहकार्यमा पोखराको सिटी बस टर्मिनल निर्माण तथा लामेआहालमा प्रस्तावित बसपार्कको निर्माणअघि बढाउने भएको छ ।

नगर यातायात गुरुयोजनालाई अन्तिम रुप दिएर महानगरले पोखराका महत्वपूर्ण सडकको सडक अधिकार क्षेत्र निर्धारण गर्ने तयारी गरेको छ । कोरिया सरकारको सहयोगमा तयार भएको ग्रीन ट्रान्स्पोर्टेसन मेनेजमेन्ट मास्टर प्लान कार्यान्वयन गर्दै पोखराको बाहिरी चक्रपथ निर्माणको पूर्व सम्भाव्यता अध्ययन समेतका आधारमा विस्तृत सम्भाव्यता अध्ययन थालिने भएको छ ।

महानगरले नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरीत कार्य गर्नेहरुलाई निरूत्साहित गर्ने गरी कानुनी बनाउने भएको छ । महानगरले मुख्य सहरी सडकमा नक्सा पास गरी भवन बनाउँदा अन्डर ग्राउन्ड पार्किङ अनिवार्य गर्नुका साथै कोरोनाको समयले अस्तव्यस्त भएको पर्यटन क्षेत्रलाई उकास्नका लागि व्यावसायिक तथा व्यापारिक भवन निर्माणमा नक्सा पास दस्तुर छुट गर्ने नीति लिइएको छ । घर नक्सा पास गर्दा अनिवार्य रुपमा गुगल प्लस कोड अंकित गर्नुपर्ने भएको छ ।

महानगरपालिकाको मुख्य बजार क्षेत्रको ट्राफिक व्यवस्थापनको जटिलता न्यूनीकरण गर्ने सडकका चोकहरुको आधुनिक डिजाइन गर्ने प्रस्ताव गरिएको छ । महानगरले नगर प्रहरी सेवालाई ब्यारेक प्रणालीमा रुपान्तरण गरी २४ घण्टा नै ड्युटीमा खटाउने गरी व्यवस्थापन गर्ने तयारी गरेको छ ।

कोरोना संक्रमणका कारण विद्यालय सञ्चालन गर्न नसक्दा विद्यार्थीमा परेको असरलाई मध्यनजर गर्दै आगामी दिनमा विद्यालयमा वेबसाइट निर्माण, इन्टरनेट, इन्ट्रानेट सुविधा विस्तार गरी कक्षाकोठा प्रविधि मैत्री बनाउँदै १ विद्यालय १ प्राविधिक कक्ष निर्माण कार्य अनिवार्य गर्दै लैजाने भएको छ ।

'स्वास्थ्यका लागि व्यायाम' कार्यक्रमलाई निरन्तरता दिँदै १ टोल, १ खुला क्षेत्र, १ खुला क्षेत्र, १ व्यायामशाला कार्यक्रम सञ्चालन गर्ने तयारी भएको छ । महानगरले महानगर वर्ष खेलाडी छनोट गरी सम्मान गर्न लागेको छ । पोखरा महानगरपालिका वडा नम्बर २७ अर्चलेस्थित कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मस्थललाई साहित्य अनुसन्धान केन्द्रका रुपमा विकास गर्ने भएको छ । महानगर रत्न चयन गरी सम्मान गर्ने योजना पनि अघि सारिएको छ । आगामी आर्थिक वर्षमा ल्यान्डफिल साइट व्यवस्थापनको लागि जमिन खरिद गरी, निर्माण कार्य आरम्भ गरिनेछ । स्थायी स्यानिटरी ल्यान्डफिल व्यवस्थापन नभएसम्म अस्थायी ल्यान्डफिल व्यवस्थापन गरी विमानस्थल सञ्चालनमा सहजीकरण गरिनेछ ।

निर्यात हुने वस्तु पहिचान गरी उत्पादन वृद्धि गर्दै महानगरले ती सामग्रीको ब्रान्डिङ गरी अन्तर्राष्ट्रिय बजारमा पुर्याउनका लागि पहल गर्ने भएको छ । स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई विस्तार विकास र आधुनिकीकरण गर्दै महानगरले जडिबुटीजन्य उत्पादनलाई प्रशोधन तथा बजारीकरणमा जोड दिने भएको छ ।

महानगरले आन्तरिक आम्दानीको ठूलो हिस्साका रुपमा रहेको नदीजन्य सामग्रीको उत्खनन् गर्ने क्रममा नदी क्षेत्रसम्म जाने बाटोको मर्मत संभार, प्रारम्भिक वातावरणीय मूल्यांकन प्रतिवेदनले औंल्याएका प्रभाव न्यूनीकरणका उपाय कार्यान्वयन जस्ता कार्यमा बजेट व्यवस्था गरी कार्यान्वयन गर्ने भएको छ ।

नगर सभामा उपमेयर मञ्जुदेवी गुरुङले नीति तथा कार्यक्रमले बजेट तथा कार्यक्रमलाई सही ढंगले नीति तथा विधिमा लैजाने बताइन् । सभामा नेकपा एमालेका सचेतक तथा विधायन समितिका संयोजक शोभामोहन पौडेलले पोखरा महानगरपालिका कर्मचारी सेवा विधेयक २०७८ टेबुल गरे ।

महानगरका प्रमुख प्रशासकीय अधिकृत महेश बरालले सञ्चालन गरेको सभामा नेपाली कांग्रेसका सचेतक रामराज लामिछानेले स्थानीय तहका कर्मचारीले निजामति कर्मचारी सरहको सेवा, सुविधा पाउनुपर्ने माग गरे । उनले वडा कार्यालयलाई सरसफाईको जिम्मा दिएको खण्डमा प्रभावकारी काम हुने दाबी गरे ।

**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालयः** नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com